**Historical Journal** *Volume: 14* *Number: 1* *Feb. 2023* ***ओमकारेश्वर श्रेष्ठ***

Received Date: Dec. 2022 Revised: Jan. 2023 Accepted: Feb. 2023

# लुँभुका परम्परागत टोल

**ओमकारेश्वर श्रेष्ठ पिएचडी.**
**प्राध्यापक**
नेपालभाषा केन्द्रीय विभाग, त्रिवि
**Email:** omkaresheor@gmail.com
**DOI:** https://doi.org/10.3126/hj.v14i1.52971

**सार**

*महालक्ष्मी नगरपालिकाका १०वटा वडामध्ये वडानं ८ मा लुँभु रहेको छ । यसको अवस्थिति ८५°२४' पूर्वी देशान्तर र २७° ३९' उत्तरी अक्षांशमा र समुद्री सतहबाट ४,२२६-५,१०२ फुटको उचाईमा रहेको छ । यस वडाको जनसंख्या सन् २०११को जनगणनाअनुसार ८,२७२ छ । नेपालभाषाका स्थानीय स्थान नामबाट खुल्ने भौगोलिक बनोट, ऐतिहासिक कथ्य र लोकवार्ताका कतिपय कुराहरू खुल्नै नसकेर हराउन थालेका छन् । यस अध्ययनका लागि मूलतः यी प्रश्नहरूलाई समस्याको रूपमा लिइएको छ । स्थाननामको प्रायोगिक अर्थ के हो ? स्थानसित गाँसिएका भौगोलिक, सांस्कृतिक, ऐतिहासिक सामग्रीहरू के के छन् ? यस अध्ययनले प्रायोगिक अर्थ, स्थानसित गाँसिएका भौगोलिक, सांस्कृतिक, ऐतिहासिक सामग्रीहरूको विषयमा खुलस्त पार्नेछ । यसको सीमा श्री महालक्ष्मी मार्ग क्षेत्रलाई समेटिएको छ । अध्ययनका सामग्री क्षेत्रकार्यबाट लिइएका छन् । यसको उपलब्धिमा भाषावैज्ञानिक अध्ययनको आधारमा लुँभुको बस्तीको समय मध्यकालतिर बसेको देखियो ।*

***शब्दकुञ्जी***- *लुँभु, श्रीमहालक्ष्मीमहाभैरव, टोल ।*

## *१ परिचय*

महालक्ष्मी नगरपालिका (यसपछि नपा) नेपाल सरकारको मिति २०७१।०८।१६ (मनपा, २०७४)को मन्त्रिपरिषद्को निर्णयानुसार साबिक पाँचवटा गाउँ विकास समिति *लामाटार, लुँभु, सिद्धिपुर, टीकाथली* र *इमाडोल* समावेश गरी गठन भएको हो । यस नपामा १० वटा वडामध्ये वडानं ८ मा लुँभु रहेको छ । यसको अवस्थिति ८५°२४' पूर्वी देशान्तर र २७° ३९' उत्तरी अक्षांशमा र समुद्री सतहबाट ४,२२६-५,१०२ फुट माथि रहेको छ । यसको पूर्वमा लामाटार, दक्षिणमा गोदावरी नपाको ठैव र ललितपुर मनपाको हरिसिद्धि, पश्चिममा सिद्धिपुर, टीकाथली र उत्तरमा भक्तपुर जिल्लाको सूर्यविनायक नपाको सिरुटार अवस्थित छन् । यस वडाको जनसंख्या सन् २०११को जनगणनाअनुसार ८,२७२ छ (पौडेल, वि.सं. २०६७, पाना. १४) । यसका मूलमूल टोलमा *कोनेटोल, चोएटोल, नासल,* र *गः(चोए, कोए)* हुन् । यस अध्ययनमा मूलतः यिनै क्षेत्रहरू समेटिएका छन् ।

यस वडा नेवारबहुल क्षेत्र भएकोले यहाँका स्थाननाम नेपालभाषामा रहेका छन् । बढ्दो शहरीकरण र कामको खोजीमा देशका विभिन्न स्थानबाट यहाँ आन्तरिक आप्रवासीहरूको बसोबास बढ्दो छ । यो क्रम २०६२ को आन्दोलनपछि तीव्रतर छ । उनीहरूको गैह्र मातृभाषा भएकोले नेपालभाषाबाट राखिएका रैथाने स्थाननामको उच्चारण गलत किसिमले हुनगएको छ । स्थानीय पठनपाठनमा स्थानीय भाषा नभएकाले स्थानीयले रैथाने स्थाननामको महत्ता नबुझ्नु र चेतनाको कमीले रैथाने स्थाननाम फेर्ने प्रवृत्ति पनि बढ्दो छ । यसबाट स्थानीय नामबाट खुल्ने भूबनोट, ऐतिहासिक कथ्य र लोकवार्ताका कतिपय कुरा खुल्नै नसकी बिलाए ।

लुँभुको नामकरण सम्बन्धमा विविध अवधारणा विद्यमान छन् । यहाँ मूलतः अभिलेखमा उल्लेखित शब्दाबलीको चर्चा गरिएको छ । यस स्थानको नाम नेपालसंवत् (यसपछि नेसं) ८१९ को शिलापत्रदेखि आजसम्म *लुँभु* उल्लेख भएको देखिन्छ

। यसभन्दा अगाडि *लुम्हु* (नेसं ७७४ र ७८०), *रुभु* (नेसं७८६), *लुँभु* (नेसं ७८८), *लुम्भुदेश* (नेसं ८४७ र १०४४), *शुवर्णपुरिदेश रुभु* (नेसं ९११) प्रयोग भएको देखिन्छ । श्रीमहालक्ष्मी मन्दिरमा भेटिएको *स्यँल्हों* (पुराना तमसुक तथा अन्य पत्रहरू पानी परेर, कीराले खाएर, मक्किएर नष्ट हुनलागेका पत्रलाई सारेर नयाँ बनाएको पत्र, जसलाई यहाँ अन्य पुनःउद्धार भनिएको छ) लिखतमा *लुंम्हो* (नेसं ६६९, पुनःउद्धार ७५१), *लुह्यु* (नेसं ८०८, ८२३, ८३४, ८६४, ८७१, ८७७, ८८१, ८८४ ), *लुंह्युदेश* (नेसं ८५५), *लुँभु* (विसं १८५२ कचहरि पत्र) उल्लेख भएको पाइन्छ । यसबाहेक *सुवर्णछत्र* (नेसं ६६९), *सुवर्णपुरी* (नेसं ८०८), *सुवर्णछत्र* (मिति नभएको), *सुवर्ण* (नेसं ८३४) सुवर्णसित सम्बद्ध गरिएको पाइन्छ (श्रेष्ठ ओ. ज., वि.सं. २०६९, पाना. ७७) । यसरी प्राप्त अभिलेखको आधारमा यस स्थानको नाम *लुँभु* नै देखिन्छ । प्राप्त अभिलेखमध्ये शिलापत्रमा नेसंको आठौं शदीमा *लुम्हु* प्रयोग गरिएको पाइयोभने १०औ शदीमा मात्र *शुवर्णछत्रपुर* शब्द प्रयोग भएको देखिन्छ । नेसं ६०० तिर लेखिएको अनुमित गोपालराज वंशावलीमा सं ४१७ को अभिलेखमा *लुह्यु* उल्लेख भएको छ (वज्राचार्य ध. म., १९८५, पाना. ४८) । *लुह्यु* र *लुम्हु*मा लेखन प्रणाली मात्र फरक देखिन्छ । *लुह्यु* शब्दको विराम (कोडा) मा आएको *म* आरम्भ (अनसेट) स्थानमा आएर *लुम्मु* भएको देखिन्छ । नासिक्यवर्ण लुप्त भएर *लुम्बु* भएको देखिन्छ । यो उच्चारण गैह नेवारहरूको उच्चारणमा मात्र देखिन्छ । *लुँभु* महाप्राणीकृत शब्द हो । *लुम्भु* र *लुँभु* लेखाइमा फरक देखिएपनि यी दुवै एकै हुन् । दोस्रोवर्ण अक्षरको आरम्भ स्थानको खालि ठाउँमा विराम व्यञ्जनले स्थान लिएको देखिन्छ ।

***यस अध्ययनले मूलतः स्थान नामको अर्थ खोज्ने र ती स्थानसित गाँसिएका भौगोलिक, सांस्कृतिक, ऐतिहासिक सामग्री खोज्ने उद्देश्य लिएको छ । यसले गर्दा रैथानेले (आप्रवासीसमेत) नै आफू बसेको स्थानको महत्ता बुझेर त्यसको संरक्षण, संवर्ध्दन र प्रवर्ध्दन गर्न लाग्नेछन् । यसले नागरिकलाई सचेत अभियन्तासमेत बनाउने हुँदा समृद्ध देश बनाउन टेवा पुग्नेछ ।***

यस अध्यनको भौगोलिक सीमा लुँभुका ग्रामदेवता श्री महालक्ष्मी-महाभैरवको रथ परिक्रमामार्ग क्षेत्र हो । यसमा सहायक क्षेत्रको रूपमा पूर्वमा देवीथान चौर, पश्चिममा गोदावरी खोला, उत्तरमा *सँह* खोला र दक्षिणमा लुँभु खोला भित्रका क्षेत्र समेटिएका छन् । यस क्षेत्रका स्थानको शब्दको प्रायोगिक अर्थ र ती स्थानमा पाइएका अभिलेखहरूको सन्दर्भ पनि दिइएका छन् । ती स्थानमा प्रचलित केही लोकविश्वास, सांस्कृतिक प्रचलन पनि यसमा समावेश छन् । कुनै स्थानको विद्यमान शब्दमा इतिहासका पत्रपत्र खापिएर व्युत्पत्ति समेत धूमिल भैसकेका छन्, तिनको ऐतिहासिक भाषावैज्ञानिक व्याख्या समेत गरिएका छन् । जुन जातिको वसोवास जुन स्थानमा रहन्छ, सोही जातिले बोल्ने भाषाबाट सो स्थानको नाम राखिएको हुन्छ । यसबाट त्यो क्षेत्रको जातीयभाषिक पहिचान खुल्छ । त्यसैले यस अध्ययनमा मूलतः स्थाननामको भाषिक व्याख्या गरिएको छ ।

***सामग्री संकलन***

यस अध्ययनका आवश्यक सामग्री क्षेत्रकार्यबाट लिइएका छन् । केही पुस्तकालय सामग्री पनि प्रयोग भएका छन् । यस अध्येता स्वयं यस क्षेत्रको रैथाने भएकोले आफूमा संकलित सामग्री आवश्यकतानुसार यथास्थानमा थपिएको छ ।

***स्थाननाम***

लुँभु मूलतः नेवार बहुल क्षेत्र भएकोले यहाँका स्थानीय नाम नेपाल भाषामा छन् । ती स्थानहरूको उल्लेख ऐतिहासिक दस्तावेजहरूमा पनि छन् । ती स्थानको विश्लेषण गर्दा नेपालभाषाको वर्णविज्ञान, रूपसन्धि परिवर्तन र अर्थविज्ञानलाई केन्द्रविन्दुमा राखिएको छ । यसका अतिरिक्त ती स्थानसित गाँसिएका ऐतिहासिक, सांस्कृतिक र परम्परागत लोकविश्वास पनि समेट्ने प्रयास गरिएका छन् । यहाँका टोलहरूलाई विश्लेषण सहज बनाउन अकारादिक्रममा राखी विभिन्न कोटीमा वर्गीकृत छ । जस्तो- *दोल, फल, झो, गः, को, द्यः, लाछी, ननि, तुँ, सि, ननि, चौर, धः, हिति, धोखा* ।

**दोल-'डोल'**

नेपालभाषामा *दोल* भन्नाले 'डोल' बुझिन्छ। यही *दोल*को अन्तिम अक्षर *ल* सुषुप्त हुन्छ र त्यसको क्षतिपूर्तिस्वरूप *दोः* हुन जान्छ। त्यही *दोः*लाई कारक रूपायन गराउँदा अघि सुषुप्त *ल* फेरि देखापर्छ। यस्तो प्रक्रियालाई *तिर्यक कारक* भनिन्छ। नेपालभाषामा यो प्रक्रिया साह्रै प्रचलनमा छ। नेपालभाषा चीन-भोटपरिवारको सन्तति भएकोले यहाँ प्रस्तुत शब्दावलीमा प्रयोग भएका प्रत्येक अक्षरले अर्थ बोकेका छन्। यहाँ ती प्रत्येक अक्षरको अर्थ पर्गेल्ने कोशिस गरिएको छ।

*अँदोल*(१)को अर्थ तुलाडोल हुन्छ, जुन *चसिडोल*को दक्षिण-पश्चिम, *सँदोल*को पूर्वमा रहेको छ। यो डोलसित एउटा कुलो जस्तो खोलो जोडिएको छ। यसले ललितपुर र भक्तपुरको सीमा छुट्याउँछ। एक हिसाबमा दुई जिल्लाको तुलो जस्तो भएर रहेको हुन्छ। यस स्थाननामको अर्थ स्पष्ट नभएपनि तुलो जसरी सम्म परेको हो कि भन्ने लाग्छ। *न्याएदोल*(२)वा *न्यायादोः*को अर्थ माछा पाइने डोल हुन्छ। यो *न्याथधोका*बाट आएको बाटो *वखुहिल*मा मिल्ने दोबाटो नपुग्दै बाटोको दक्षिण पश्चिमकुनाको ओरालोमा एउटा सानो पोखरी छ त्यसलाई *न्याएदोः* भनिन्छ। *न्यायादोः*मा अश्रुतीकरण भएर *न्याएदोः* भएको देखिन्छ। यो ठाउँको सानो पोखरी हाल छैन। *लाखेदो* (लाखेडोल (३)) को सीमाना पूर्वमा *चसिडोल* पश्चिममा बेखालडोल उत्तरमा सिरूटार र दक्षिणमा टार, *गःसि* मानिन्छ। समग्रमा भन्दा *सँदोल* क्षेत्र लाखे क्षेत्र बन्न सकिन्छ। यस क्षेत्रमा खासगरी मध्याह्न र मध्यरातमा लाखे यात्रा गरीरहेको भेटिने गरेको कुरा यस अध्येताले निकै सुनेको हो। त्यसैले दिउँसो यस क्षेत्रबाट आउजाउ गर्दा शरीरमा फलामको कुनै चीज लिएर मानिसहरू हिंडने गर्थे। त्यसबाहेक *लाखेबाहां* (राक्षसगणमा जन्मेका) हुने मानिसहरूको संख्या पनि निकै भेटिन्थे। यस लेखकका हजुरबुबा खलकमध्येका एकजना (माइलाबाजे) ले धेरैपटक लाखेसंग कुस्ती खेल्नुभयो। उहाँलाई उपचार गरेर धेरै पटक घरमै थुनेर राख्नु परेको थियो। त्यतिमात्र हैन लाखेसँगको कुस्तीबाट बच्न *बेखालडोल*को जग्गा बेच्नु परेको कुरा आफैले देखेको कुरा हो। *सँदोल* (सानो खोलाको डोल(४)) को पूर्वमा *लाखेडोल*, पश्चिममा *बेखाबुँ* उत्तरमा सिरूटार र दक्षिणमा *ताःबुँ* छ। नेसं ६६९, ८२३, ८७७, ८८३ को अभिलेखमा *सहदोल* उल्लेख भएको छ (श्रेष्ठ ओ. ज., वि.सं. २०६९, पाना. ८०)। यो *सँधःखुसि*ले बनाएको फाँट हो।

***फल*-'पाटी, पेटी, चौतारो, फाँट '**

शहर निर्माणका तत्व वासस्थल, पाटी, पौवा, पेटी, फाँटको नामबाट स्थाननाम राखिएको पाइन्छ। यी पाटी विशेषतः कुलो, घाट, जलद्रोणी वा लाछीमा रहेको पाइन्छ। पेटी, चौतारीको निर्माणमा प्रयोग भएका सामग्री र प्रकृतिबाट पनि नाम राखिएको देखिन्छ। ढुंगाले बनेको *शिलाफल,* घाटमा स्थित *घाःफल*, जलद्रोणीसंगै रहेको *जरुंफल्चा*, लाछीमा रहेको *लाछीफल्चा*, आकृति र बनोटको आधारमा लाम्पाटी *ताःफल्चा*, नयाँघरको पेटी *न्हुछेफल*, सानोफाँट *सुकुफः* नाम रहेको पाइन्छ।

अःफल (५) उर्दुको *अवल*बाट *अपल, अपल*बाट *अफल, अफल*बाट *अःफः*सम्म रूपसन्धि परिवर्तन भएर आएको देखिन्छ। यहाँ *फल*को अर्थ फाँट भएको देखिन्छ। यो कुलो लाग्न साह्रै सजिलो उर्वर फाँट हो। यही कुरा *सुकुफल*मा पनि लाग्छ। नेसं ८८१को अभिलेखमा यस ठाउँको उल्लेख *अफलञ* भएको छ (श्रेष्ठ ओ. ज., वि.सं. २०६९, पाना. ७९)। *कुतफल*(कुतलाग्ने फाँट (६)) *तुंजः*बाट दक्षिणमा ज्यारपाखा जानेबाटो र पश्चिममा *न्याथ गःसिबुँ* जाने दोबाटोको शुरूविन्दु हो।

*घाःफल* (७) श्रीमहालक्ष्मी मा. विद्यालयको पूर्वमा उत्तर फर्केको छ। यो पाटी *खल* भएर *दंसि* जाने र *चुन्द्यः* भएर *देख्यः* जाने दोबाटोमा परेको छ। यी दोबाटाका शुरूविन्दु यही हो। *जरुंफल्चा* (८) संस्कृतको *जलद्रोणी* शब्द तद्भव भएर *जःरुँ* भएको प्रक्रिया यसरी देखाउन सकिन्छ। *जलद्रोणी*> *जलदोणि* [र क्षयीभवन]> *जलदोनि* [वर्त्स्यीभवन]> *जलधोनि* [स्वशीभवन]> *जलधोँ*> [नासिकीभवन]> *जलधुँ* [स्वरवृद्धि]> *जःधुँ* [उपान्तक्षयीभवन]> *जःरुँ* [रकारीभवन]। *ताःफल्चा* (९) लाई *क्वाथफल्चा* पनि भनिन्छ[1]। यो पाटी तल्लो लाछीको दक्षिणमा उत्तर-दक्षिण भैकन पूर्वाभिमुख छ। यसपाटीमा सम्पूर्ण

[1] इताझोल निवासी कृष्णबहादुर श्रेष्ठ(८०) ले यो कुराको जानकारी दिनुभएको हो।

धार्मिक कार्य हुन्छन् । *नासःफल्चा* (१०) नासल देवताको पश्चिममा ३० फुट जति पश्चिममा रहेको छ । यो पाटी पूर्व फर्केको छ । यस पाटीमा पनि धार्मिक कार्य हुन्छन् ।

*न्हूछेँफल* (११) कोनेटोलको सीमानामा रहेको *तफाःलोह* भएर बग्ने नालीदेखि *तगोःतुँ* भएर आएको नालीको मोडसम्म छ । यो ठाउँ पूर्व-पश्चिम भएर रहेको छ । *लाछीफल्चा* (१२) देवननी टोलबाट निस्कँदा महालक्ष्मी मन्दिरको पूर्वमा उत्तर फर्केको छ । यो पाटी श्रीमहालक्ष्मी-महाभैरवको यात्रा प्रारम्भ र विसर्जन हुने समयमा पूजासामग्री बिसाउन प्रयोग हुन्छ । *सिलाफल* (१३) शब्द संस्कृतको शिला ' ढुङ्गा ' र फल ' पेटी ' मिलेर बनेको छ । यसको अर्थ ढुङ्गाले बनेको चौतारी हुन्छ । नेपालखाल्डोमा चौतारी इँटाले बनाउने प्रचलन छ । विशेष अवस्थामा ढुंगाले चौतारी बनाउने चलन छ, यो यही विशिष्ट वास्तुको नाम हो । यस्ता निर्माण लुँभु क्षेत्रभित्र चारवटा *सिलाफल* रहेका छन् । *सुकुफः* (१४) ले सानोफाँट बुझाउँछ र *सेराधः*को मुहान पनि हो, लुँभु र डाँडाथोकको सीमाना लुँभुखोलाको किनारमा रहेको छ ।

**झो-'लहर'**

घर बनाउँदा बलियो पार्न लहर मिलाउने प्रचलन छ । तिनको झलक *इताझो* ((१५)पूर्वी लहर) र *तुंझो* ((१६)इनारको लहर) को नामकरणमा देखिन्छ । यो टोल *कोनेलाछी*को उत्तरपश्चिम कुनाबाट शुरू, र पूर्वमा *खाःसि*टोलको तलेजु मन्दिरमा सकिन्छ । यस टोलको उल्लेख नेसं ८७१ को अभिलेखमा *यतिझोदोल* उल्लेख गरिएको छ (श्रेष्ठ ओ. ज., वि.सं. २०६९, पाना. ९१) ।

***को* -'मुनि'**

*को, कोए* को अर्थ मुनि वा तल भन्ने हुन्छ । यसको पूर्ववत् स्थानसितको सम्बन्ध रहन्छ । *किलाको* (१७) न्हुछेफलको दक्षिणमा *तगोतुँ*को पश्चिममा रहेको छ । यस टोललाई *दुन्छेँ* भनिएपनि न्हुछेफल भनेर मात्र ख्याति छ । दुन्छेँको अर्थ भित्रको घर भन्ने हुन्छ । यो टोल *दबूछेँ*का मानिस स्थानान्तरण भएर बनेको प्रक्षेपित टोल हो । त्यसैले *दबूछेँ* भन्दा यस स्थानलाई बुझ्ने गर्छन् । यस टोलको पश्चिममा पीठ पनि छ ।

*छ्वासको* (१८) र *छ्वासकोए* (१९) को अर्थ र स्थान एउटै हुन्छ । यो ठाउँ तल्लो लाछीको गणेशमन्दिरको पश्चिम, वासुकिथानको उत्तर, ताःफल्चाको दक्षिण, कोनेटोलको उत्तरमा रहेको चौबाटो हो । यस चौबाटोमुनि बजारको तल्लो भाग छुटिन्छ । *धसिकोए* (२०) लुँभुको बीचबाट पूर्व-पश्चिम भएर राजकुलो बगेको छ । बजारको तल्लो भागलाई *कोनेधसि* र माथिल्लो भागलाई *चोएधसि* भनेर बुझिन्छ । बजारक्षेत्र विस्तारभै *घाःफल* सम्म पुगेको छ । परम्परागत रूपमा *चोएधःसि* भन्नाले महालक्ष्मी मन्दिरको अगाडिदेखि *धोंलागाः*सम्मलाई बुझाइन्छ । महालक्ष्मी मन्दिरदेखि मुनि तल्लोलाछी गणेशथान सम्मलाई *धःसि* भनिन्छ । तल्लो गणेशथान *छ्वासको*देखि मुनि तल्लो ढोकासम्मलाई *कोनेधःसि* भनिन्छ । यी सम्पूर्ण क्षेत्रलाई सामान्यतः *धःसि* पनि भनिन्छ ।

*पीगंचोए* (२१) र *कोने* (२२) भन्नाले *पाहुल*टोलको उत्तर, *चोएधसि*को पश्चिम, *तखाछेँ*टोलको पूर्व र *चोएगल* टोलको दक्षिणमा रहेको छ । यहाँका पीठ संरक्षित र पूजित छन् । *कलःगाः* (२३) भगवतीलाछीबाट दक्षिण करीव २०० मिटर भित्र देवननी टोलमा पस्दा बीचबाटोमा पर्दछ । यसमा भोजन पश्चात् राती सवै हाडखोर बटुलेर एकै ठाउँमा राखिन्छ । अनि आचार्यले मन्त्रद्वारा जीवदान दिन्छ । सोही प्रयोजनअनुरूप सो खाल्टोको व्यवस्था भएको हो ।

***द्यः*-'देव'**

ठाउँठाउँमा भएका मानिसका आराध्यदेवका नामबाट स्थाननाम रहेका छन् । *द्यः* शब्दले परमेश्वर, ईश्वर, र मूर्ति तीनैवटालाई बुझाउँछ । *द्यः* शब्दको तिर्यकरूप देव हो । कृष्णद्यः (२४) तललाछीको डबलीसंगै जोडिएको छ । *कोइना* (२५) शब्दको विच्छेद गर्दा *को-इना* हुन्छ, जसकोअर्थ तलतिरको विनायक हुन्छ । यी देवता शहरको तल्लो भेकको पुछारमा रहेकोले

सो अर्थ ठीकै हुन आउँछ । तर यस शब्दलाई *इनमाल* वा *इनबहाल* पनि उच्चारण गरिएको पाइन्छ । *बहाल*लाई *माल* उच्चारण हुनु प्रकट समीभवन हो । यस मन्दिरको पछिल्तिरको चौरलाई *इनमाखेल* पनि भनिन्छ । यो *इनाए* (विनायक) शब्दसित समीभवन भएर इनमाः हुनगयो । *इनमाः* शब्दसित *खेल* (चौर) जोडिंदा *इन्माखेल* भयो । सो शब्द प्रयत्नलाघव भएर *इन्माल* वा *इनबाल* भएको देखिन्छ । यस भेकमा बहाल भएको कुनै अभिलेख, किंवदन्ति पनि फेला परको छैन ।

गोभ्राटेश्वरमहाद्यः (२६) यस क्षेत्रकै ग्रामदेवता हुन् । यसभेगका गोभ्राटेश्वर (लुँभु), सोमलिङ्गेश्वर (सिरूटार), अनन्तलिङ्गेश्वर (गुण्डु),र आशापुरेश्वर (साङ्गा) लाई विशेष शिवक्षेत्रको रूपमा मानिसहरू आस्था राख्छन् । यसमध्ये गोभ्राटेश्वर, सोमलिङ्गेश्वर, र अनन्तलिङ्गेश्वर हंसद्रङग्रामको भूक्षेत्रमा पर्दछन् । यसको महत्त्व *हिमवत्खण्ड माहात्म्य*मा उल्लेख भएको पाइन्छ । गोभ्राटेश्वर महादेवस्थान परिसरभित्र आकाशभैरवको मन्दिर पनि छ । श्रीमहालक्ष्मी-महाभैरवयात्राको दोस्रो रातमा देवीथानको कार्य सम्पन्न भैसकेपछि आकाश भैरवको मन्दिरमा पूजा हुन्छ । त्यसपछि यात्राको पहिलो खट आकाशभैरव रहन्छ । यस देवताको विसर्जन पछिमात्र श्रीमहालक्ष्मी महाभैरवको यात्रा सम्पन्न गर्ने प्रक्रिया शुरू हुन्छ ।

यस बाहेक गोभ्राटेश्वरमहादेवको यात्रा मार्गशुक्लपूर्णिमाको दिन छुट्टै हुन्छ । महादेवको सत्तलमा भएको स्वयम्भू शिवलिङ्गमाथि महालक्ष्मी मन्दिरको मूल कोठासंगै राखिएको पित्तलको लिङ्लाई आरूढ गराइन्छ । श्रीमहालक्ष्मीलाई गौरी, र महाभैरवलाई शिवको रूपमा लिइन्छ । यस अर्थमा लुँभुक्षेत्रलाई शिवक्षेत्रको रूपमा पनि मानिसहरू पुज्छन् । मानिसहरू लुँभुलाई केन्द्रमा शिवले र परिधिमा नवदुर्गाले रक्षागरेको विश्वास गर्छन् । यसकै दर्शनमा क्षेत्रपाल भएको कुरा पनि यहाँ विचारणीय हुन्छ ।

क्षेत्रपालभैरव (२७) स्थानीय बासिन्दाहरू माझ छत्रपाल भैरवको नामले प्रसिद्ध छन् । यी देवताको महिमा खासगरी वर्षामासको समयमा फैलिने झाडापखाला, हैजाको प्रकोपको समयमा मानिसले महिमा गाएको कुरा यस लेखकको स्मृतिमा रहेको छ । महामारी हुँदा छत्रपाल भैरवले लुँभुबजारलाई छत्र ओढाउँछन्, छाताको डण्डी छत्रपाल भैरवको मन्दिरमा हुने र उक्त छाताको परिधिले नासलटोललाई नछोप्ने हुँदा त्यस क्षेत्रमा महामारी फैलिने विश्वास तिनताका गर्थे । अचेल जनस्वास्थ्यमा सुधार भएकोले यो महिमा सेलाएको देखिन्छ । यसरी रक्षा गर्नेलाई छत्रपालभैरवको नामले पुकार्छन् । यहाँ विचारणीय कुरा के छ भने लुँभुक्षेत्र श्रीमहालक्ष्मी-महाभैरवद्वारा रक्षित र यस क्षेत्रका ग्रामदेवता पनि श्रीमहालक्ष्मी-महाभैरव तथा गोभ्राटेश्वर हुन् । यस देवताको ग्रामक्षेत्र *लुँभु बजार, नर्कट, चांगाथली, टीकाथली, बालकोट, सिरुटार, चसिडोल, ससम्बु, डाँडाथोक, पन्डोल, आरूबोट, संखादेवी विष्णुडोल र गोदावरी खोला*को पूर्वीभेक रहेका छन् । यी स्थानलाई लुँभुक्षेत्रको रूपमा अद्यापि सांस्कृतिक रूपले व्यवहरित छ । हालको नगरपालिकाको राजनैतिक सीमाना परिवर्तनले क्षेत्र फैलिएको छ । यसरी विचार गर्दा यी देवता छाता ओढाउने देवता *छत्रपाल* नभएर पूरै क्षेत्रको रक्षक *क्षेत्रपाल* नै हुने दखिन्छ । संयुक्तवर्ण *क्ष* प्रयत्नलाघव भएर स्पघर्षी छ भएको छ । यही प्रक्रिया काठमाडौको क्षेत्रपाटीमा भएको छ । क्षेत्रपाटी भनेको प्रवेशद्वार हुन्छ । लुँभुको क्षेत्रपालको नजीकमा *मचाःधोका* रहेको छ । यो ढोका यही क्षेत्रपालसित गाँसिएको हुनुपर्छ ।

लोकमाद्यः(लोकेश्वर(२८)) *लोकमान्यदेवता* तीन पदले बनेको शब्द हो । यसमा पछिल्तिरबाट हेर्दा *देवता* बाट *देव*, *देव* बाट *द्यः* भएको छ । *मान्य* बाट *मान*, *मान* बाट *मां* र मा स्वयं नासिक्य पद भएकोले यसमा नासिकीकरण परेन । आदिपद *लोक* यथास्थितिमा रहेको छ । आदिपदमा दोस्रोपद*मा* र तेस्रोपद *द्यः* जोडिएर *लोकमाद्यः* भएको देखिन्छ । *लोकमाद्यः* र लोकेश्वरले एउटै अर्थ देखिन्छ । लोकेश्वरको पूर्णकदको मूर्तिसहितको मन्दिर कृष्णमन्दिर र नृत्यनाथको पूर्वपट्टि टाँसिएको छ । यस मूर्तिको अभिलेख नेसं ८१९ को सरस्वतीमन्दिरमा रहेको शिलाभिलेखमा उल्लेख छ । सो मूर्ति योगनरेन्द्र मल्लले स्थापना गरेको कुरा उक्त अभिलेखमा अङ्कित छ (श्रेष्ठ ओ. ज., वि.सं. २०६९, पाना. ३७) ।

चिभाःद्यः (२९) *चित्तभराड* शब्दबाट व्युत्पादित देखिन्छ । *चित्तभराड*लाई विग्रह गर्दा *चित्त* र *भराड* हुन्छ । चित्तको अर्थ चित्त वा मन हुन्छ । भराड शब्द भट्टारक बाट आएको देखिन्छ, जस्को अर्थ पवित्र वा महान हुन्छ । *चित्तभराड* बाट *चीभाः* भएको यसरी देखाउन सकिन्छ- *चित्तभराड*>*चित्तभरार*> [रकारीभवन] चित्तभराः[र क्षय]> *चित्तभ्रा* [मध्यस्वर लोप] *चित्तभाः*[र

क्षय]> *चीभा* [त क्षय] । *चीभाः*मा *द्यः* 'देव' प्रत्यय थपेर चिभाद्यः भएको देखिन्छ । यो चैत्य *नारायणद्यः*को पश्चिमपट्टि र *लोकमाद्यः*को दक्षिणमा *कोनेलाछी*मा रहेको छ । यसको अभिलेख केहीपनि छैन ।

चुन्द्यः (३०) *चुनि*को अर्थ माथि वा अग्लो वस्तीको र देवको अर्थ देवता हुन्छ । यी देवता खासगरी पानीको मुहानको रूपमा आराधना गरिएको पाइन्छ । लुँभुको सन्दर्भमा *चुन्द्यः* घाफल भन्दा ३०० मिटर पूर्वमा राजकुलोको किनारमा रहेकोछ । यो प्रतिमूर्ति मात्र हो । यसको मूल देवता विहेवरको जंगलमुनि हालको शुभतारा स्कूल रहेको स्थान, सिस्नेरीमा छ । लुँभुबजारमा पानी माग्दा यहीं पूजा गरेर मात्र वासुकिथानमा पूजा शुरू हुन्छ । यस स्थानमा गाई, भैसी, बाख्री ब्याउँदा पहिलो बिगौती चढाएपछि मात्र अन्यत्र बाँड्ने चलन थियो । हाल यो चलन देखिँदैन ।

चुनिखेल चुनिदेवी रहने चौर, वन, वा थुम्को हो । काठमाडौको महाराजगञ्जको चुन्देवी, ललितपुरको बुङमतीको माथि चुनिखेल रहेका छन् । यिनीहरू पानी संकलन गर्ने क्षेत्रको रूपमा विद्यमान छन् । चुनदेवी नेपालका प्रायः बस्तीको माथिल्लो भागमा रहेको देखिन्छ । भक्तपुर शहरको चारैतिर रहेका ठुलठूला *खाःपोखरी*, *गढपोखरी* र यससँग सम्बन्धित यक्ष मल्लको नेसं ५७३ को अभिलेखमा उल्लेखित दुर्गको सुरक्षा, सम्बर्धनले शक्ति सञ्चयलाई टेवा पुगेको छ (रेग्मी, १९६६, p. ७६) ।

प्रत्येक सैनिक क्याम्पभित्र निशान छाप, काली, चुनदेवी पुज्ने चलन छ[2] । काली शक्तिकी देवीको रूपमा पुजिन्छ भने चुनदेवी मूलतः पानीको स्रोत हो । पानी एकातिर जीवनदायिनी शक्तिको रूपमा लिइन्छभने अर्कातिर यसलाई वरुणदुर्गको रूपमा लिइन्छ । सैनिक ब्यारेकभित्र यी तीन देवी काली स्वयं शक्ति, निशान शस्त्र र पानीको आराधना गरेको देखिन्छ ।

तलेजुभवानी(३१) दुर्गकी देवीको रूपमा लिइन्छ । *तवल*को अर्थ महान, जूको अर्थ माननीय, *द्यः*को अर्थ देवता हुन्छ । यस अर्थमा तलेजु राज्य वा दुर्गकी देवी भन्ने हुन्छ । यी देवी कोतक्षेत्रको समीपमै छिन् । विजयादशमीको साँझ तलेजुको मन्दिरबाट भन्सारीको नेतृत्वमा खड्गयात्रा निस्कन्छ । यस टोलीमा १८-२४ जना सम्मको समूह हुन्छ, र कोतघर वरपर रहेको *खाःसिपुखु*को तीन चक्कर लगाएपछि कोतघरमा विधिपूर्वक स्वागत गरी भित्र्याइन्छ । कोतमा कुभिण्डो काटेपछि यात्रा सम्पन्न हुन्छ । यो राजकीय कर्म हो । तलेजुदेवी र कोतघरको सम्बन्ध अन्योन्याश्रीत छ ।

*दिगद्यः* (३२) *दिग* 'दिशा' र *द्यः* 'देवता' को मिलनबाट कुलदेवता अर्थ लाग्ने शब्द हो । यसको अर्थ कुन दिशाबाट मानिस आएको हुन्छ, उहींको देवता भन्ने लाग्छ । *इनमाल*मा रहेको दिगुद्यः लुँभुका दुई तिहाइभन्दा बढी मानिसका कुलदेवता हुन् । यस देवताको मन्दिर नेसं ७८६मा स्थापना भएको उल्लेख छ (श्रेष्ठ ओ. ज., वि.सं. २०६९, पाना. ३३) । *द्यःननि क्षेत्रपाल* (३३) *देवननी* र *क्षेत्रपाल*को वर्णन भैसकेकोले पुनरावृत्ति गरिएको छैन ।

*नारांद्यः* (५१) तललाछीमा रहेको छ । यस नारायणमन्दिरमा यक्षमल्लको यस क्षेत्रकै सवैभन्दा पुरानो शिलालेख राखिएको छ । यो शिलाभिलेखको उचाई ९७ सेमि, चौडाई ४८ सेमी छ । यो अभिलेखअनुसार नारायणमन्दिरको नेसं ५६५ मार्गशुक्ल षष्ठी आइतवारको दिन जग राखियो । सोही पक्षको दशमी वृहस्पतिवारका दिन श्रीनारायणको स्थापना भै अहोरात्र यज्ञ भयो । पूर्णिमाका दिन मन्दिरको द्वार स्थापना भयो । संवत् ५६७ माघकृष्ण द्वादशी आइतवारका दिन मन्दिरमा छानो छाइयो । संवत् ५७० भाद्रकृष्ण तृतीया मङ्गलवारका दिन कोष स्थापना भयो । संवत् ५७२ चैत्रशुक्ल एकादशी शुक्रवारका दिनदेखि चारदिनसम्म होम गरी गजूर र ध्वजा अर्पण गरियो । राजा यक्ष मल्ल, कोतनायक हृदयराम मुल्मी, गयपतिको आह्वानमा दैवज्ञ जीवब्रह्म भास, आचार्य शिव भासन् भन्ने उल्लेख छ (वज्राचार्य ध. , विसं २०६८, पाना. ३१९) ।

*नासःद्यः*(५२) अर्थात नृत्यनाथ तललाछीको डबलीमा टाँसिएको छ । देवताको डबलीसंगै जोडिएको घर भएकोले यस टोललाई *दबूछेँ* भनिन्छ । कृष्णमन्दिरको पूर्वउत्तरमा उमामहेश्वरको मूर्तिको रूपमा रहेको छ । प्रतिमालक्षणको आधारमा यस क्षेत्रमा पाइएका सबैभन्दा पुरानो मूर्तिमा पर्छ । यस भेकमा संगीत, नाटक, सिकाउदा सबैभन्दा पहिलोपूजा यहाँ गरेपछि मात्र अन्त

[2] नेपाली सेनाका भुतपूर्व प्रमुख सेनानी श्री पुष्पराज श्रेष्ठले मिति २०७८।०६।२४ मा फोनबाट दिनुभएको जानकारी ।

प्रदर्शनीमा लगिन्छ । यसै मूर्तिसित तेलीईँटाले बनेको १४'x१४' x२१" को डबली छ । अर्को नृत्यनाथ नासलटोलमा रहेको छ । यसै देवताको नामबाट टोलको नामसमेत *नासल* रहेको छ ।

*पीगंद्यः* (५३) पीठगण लुँभु क्षेत्रमा *वखु*, *पिलांखेल*, *पीगन, देवीथान*, *ज्यारपाखा*, *शंखादेवी*, *किलाको*, *गाःकेव*, *नासल*, र महालक्ष्मी मन्दिर गरी नौ स्थानमा छन् । यी पीठगणले नवदुर्गास्वरूप लुँभुक्षेत्रलाई रक्षा गरेको विश्वास स्थानीयहरू गर्छन् ।

*भगवतीद्यः*(५४) महालक्ष्मी मन्दिरको अगाडि भगवतीलाछीमा गुम्बजशैलीमा रहेको छ । यस मन्दिरभित्र १८ हाते महिषमर्दिनी भगवतीको कलात्मक प्रस्तरमूर्ति रहेको छ । स्थानीयहरूले यो मूर्तिको सौन्दर्य पलाञ्चोके भगवतीसित तुलना गर्छन् । यसै मूर्तिको नामबाट यसको नाम भगवतीलाछी हुन गएको छ । यस क्षेत्रमा हुने हरेक भेला यहाँ हुने गरेको छ । यसलाई नेसं ८४३ को अभिलेखमा *भैरवलाछी*, नेसं ८२३ मा *भक्तिलाछी* उल्लेख भएको छ (श्रेष्ठ ओ. ज., वि.सं. २०६९, पाना. ७९)।

*इनबहाल* (५५) को वर्णन *कोनेबहाद्यः*को सन्दर्भमा गैसकेकोले पुनरावृत्ति गरिएको छैन । यसलाई नेसं ६६९को अभिलेखमा *यिनायबहाल* लेखिएको छ (श्रेष्ठ ओ. ज., वि.सं. २०६९, पाना. ७९) । *भगवानबहाल*(५६) टोल स्मृतिमात्र छ । यो वास्तवमा नासल टोल नै हो । नासलटोलमा रहेको पाटी र पोखरीको दुई घरलाई बुझाउने गरिएको छ । पाटी अगाडि रहेको भगवानको चैत्यको नामबाट राखेको देखिन्छ । तर यहाँ बहाल छैन ।

*सितलामाजु* (५७) सरस्वती मन्दिरबाट दक्षिणतिर ३०० मिटरजत्तिको दूरीमा *जरूँहिति* जाँदा बाटोमा एककित्ता भित्र निजीजग्गामा छ । विफर उन्मूलन हुनुभन्दा अगाडिसम्म यसदेवीको पूजा अर्चना हुन्थ्यो । देवीको पूजामा विशेष सामग्री *पाःलाःकं* (सिउडी), सुकेको सालको पात र कपास हुन् । विफरको खोप लगाएको चारदिनभित्र बिहान यस देवीको पूजा गरिन्थ्यो । यसलाई नेपालीमा *सितलामाई* पनि भनिन्छ । विफरको तीन चरणमा पहिलो चरण खटिरा दिने *कछलामाई*, दोस्रो *बछलामाइ*ले पानी भर्ने र तेस्रोमा *सितलामाई*ले जीवन नै हर्छन् । त्यसैले जीवन रक्षार्थ सितलामाईको पूजा गर्छन् । यो चलन भारतका विभिन्न राज्य तथा प्रदेशमा पनि रहेको छ (मिश्र, १९६९, पाना. १४२) ।

*ससमाजु*(५८) सरस्वतीको मन्दिरमा पाटनका राजा नेसं ८१९ माघशुक्ल पञ्चमीका दिन योगनरेन्द्र मल्लको सवारी लुँभुमा भएको र सुनको छत्र अर्पण गरी, ब्राह्मणहरूद्वारा यज्ञ गराई ढुङगेधारा (*कोनेहिति*), पोखरी निर्माण गराई पोखरीमा अर्घ दिएको, चौतारीको निर्माण, पोखरीमा (हालको गीतामन्दिर बनेको जग्गा मुनि, र लुँभु माविभित्रको पोखरी) ईँटाको पर्खाल लगाएको, ईँटाको पेटी बनाएको, भैरव, गणेश, तथा लोकेश्वरको प्रतिष्ठा गरेको कुरा उल्लेख छ (श्रेष्ठ ओ. ज., वि.सं. २०६९, पाहरू. ३५-३७) ।

*सुजबिनाद्यः* (५९) मूर्ति तललाछीको उत्तरमा पूर्व-पश्चिम भई फैलिएको लाम्पाटीमा छ । नारायण, गणेश मन्दिर, चिभाः लाछीभित्र समेटिएका छन् । यस देवताको स्थापना हुनुमा एउटा आहान छ – महारानी गङ्गा ठूली भइसकेपछि लुँभुमा नियास्रो मान्न थाले । उनलाई फकाउन सूर्यविनायकलाई यहाँ तानेर प्रतिमूर्ति स्थापना गरे । त्यसपछि गङ्गा महारानीलाई भक्तपुरमै रहेको भान हुनथाल्यो रे[3] ।

***गः-बस्ती***

*गः* शब्द *गल*बाट व्युत्पादित शब्द हो, जसको अर्थ आश्रयस्थल हुन्छ । लुँभुमा *गः* को अर्थ खोज्न यहाँको बस्तीको बनोट बुझ्नु आवश्यक हुन्छ । लुँभुको परम्परागत बजार पूर्व-पश्चिम भएर बसेको छ । पूर्व-पश्चिमगरी तीन फग्लेटो पारिएको छ । उत्तरी फग्लेटोको पूर्वमा *चोएगल* र पश्चिममा *कोएगल* रहेका छन् । यी दुवै बस्तीमा *राजथला थर*का मानिसहरू मात्र छन् भन्दा हुन्छ । बीचको भाग राजकुलोको दायाबाँया ओगेटेको छ, सो भागमा प्रायः श्रेष्ठहरूले ओगटेका छन् । दक्षिणी भागको पूर्वीभाग

[3] कोनेलाछि छवासको टोलका रामेश्वर श्रेष्ठ (कलकल)ले यो कथा सुनाउनु भएको हो ।

*नाएगः*, *पाहुल*, र *नासल* टोल रहेका छन् । *नाएगल*मा कसाइ थरका, *पाहुल*मा मिश्रित, र *नासल*टोलमा महर्जनहरूको बाहुल्य देखिन्छ । उत्तरी भागमा *कोएगः* टोल रहेको छ, जस्को अर्थ तल्लो बस्ती हुन्छ । नृत्यनाथ मन्दिर रहेको नासल टोलको सानो बस्ती विकास भएको छ, त्यसलाई *नासःगः* भनिन्छ । महालक्ष्मी मन्दिरको पूर्वी बाटो भएर दक्षिणतिर गएको गल्लीलाई *देवननि* भनिन्छ ।

*कोएगः* (६०) र *चोएगः* (६१) जोडिएका टोल हुन् । *चोएधोकासि*बाट शुरू भएर *मचाःधोका*सम्म *चोएगः* र त्यहाँदेखि *पिलाख्यः*सम्म *कोएगः*टोल हुन्छ । *नाएगः* (६२) *पाहुल*टोलको बीचबाट पूर्वतिर छिरेपछि खड्गीहरूमात्र बस्ने टोल हो । *नासःगः* (६३) *नासःद्य*को दक्षिणपट्टि छिर्ने सानो गल्लीलाई *नासगः* भनिन्छ, जहाँ महर्जनहरूको बाक्लो बस्ती छ ।

*महालक्ष्मीदेगः* (६४) श्रीमहालक्ष्मी-महाभैरव लुँभुको ग्रामदेवता हुन् । तिनकालागि बनाइएको मन्दिर महालक्ष्मीदेगः हो । यो मन्दिर भगवतीलाछीको दक्षिणमा, *फैमाननि*को पूर्वमा *द्यःननि* जाने बाटोको पश्चिममा जोडिएको र *लाएब* टोलको उत्तरमा छ ।

***लाछी*-'चोक'**

*लाछी* शब्द *रथ्या*बाट आएको देखिन्छ । वजिहरूको बसोबास भएको इलाकामा रथ गुड्न सक्ने बाटोलाई *वृजिक रथ्या* भनिन्छ । वजि र लिच्छविहरूको सम्बन्ध रहेको देखिन्छ । सो शब्द वृजिबाट लिच्छविहरुले ल्याएको हुनुपर्छ । सोही शब्द समयचक्रमा *रथ्या*> *रछया* [स्पघर्षीभवन]> *लछया* [लकारीभवन]> *लाछया* [स्वरक्षय]> *लाछी* [स्वरवृद्धि] हुन पुगेको देखिन्छ ।

*कोए वा कोनेलाछी* (६५) तल्लोलाछीमा प्रायः सास्कृतिक पर्व सम्पन्न हुन्छ । आश्विनशुक्ल पूर्णिमादेखि कार्तिक पूर्णिमासम्म यसै लाछीमा लिङगो गाडेर आकाशदीप दान गरिन्छ । यहाँको लिङगो काठमाडौ उपत्यकाकै अग्लो मानिन्छ । गाइजात्रा, कृष्णपूजा यहीबाट शुरू हुन्छ । *यँला* (भाद्र-आश्विण) महिनामा गरिने सेवा *यँलासि*, *गुँला* (श्रावण-भाद्र) महिनामा गरिने भगवानको सेवा *गुलासि* पनि यहीँबाट हुन्छ । नित्यनाथको मन्दिर र डबली पनि यही छ । यस बाहेक श्रीमहालक्ष्मी-महाभैरवको यात्रामा अन्तिमयात्रा यहीको *छवासको*मा मनाइन्छ । वर्षामासमा पानी नपर्दा वासुकि नागराजसित *लःफोनेगु* (पानी माग्ने) पनि यही हुन्छ । *लःफोनेगु* कार्य काठमाडौ उपत्यकाको विशेष पर्व मनिन्छ ।

*क्वाथलाएकू* (६६)) *क्वाथ* 'कोत' र *लाएकू* 'राजकुल' शब्द शब्दको समस्तरूप हो । *क्वाथ* शब्द कोट्टबाट कोत हुदै क्वाथ भएको छ । त्यस्तै *राजकूल* > *लाजकूल* [लकारीभवन]> *लाएकूल* [अघोषीभवन]> *लाएकू* [अन्तिमवर्ण क्षय] भएको छ । यसको अर्थ दरवार नै हुन्छ । यसरी उहीउही अर्थका शब्दहरू मिलेर बनेको अतिरेकी शब्द हो । दरवारको मुख दक्षिण भगवतीलाछीमा फर्केको छ । यसको वरीपरि *खाःसिपुखू* रहेको छ । हाल यस दरबारक्षेत्रमा महालक्ष्मी नपाको वडानं ८ को कार्यालय, कोतदरवारको सानो खण्ड, र लुँभु स्वास्थ्यकेन्द्र रहेका छन् ।

कृषि कर्म गरिने ठाउँमा हुने खलियानलाई *खल* (६७) भनिन्छ । खासगरी धान काटीसकेपछि धान सुकाउन चौरलाई ताछेर लिपी खलान बनाइन्छ । यसमध्येको घाफलबाट दक्षिणतिर ओर्लेर *दंसि* र *गःसि*को बीचको भागलाई *खल* भनिएको छ । यो ठाउँ महालक्ष्मी माविको दक्षिणीभागको बाटोमुनि रहेको छ ।

*चोएलाछी* (६८) वा भगवतीलाछी पनि भनिने यस लाछीमा मूख्यपर्व श्रीमहालक्ष्मी-महाभैरवको वार्षिकजात्रा सम्पन्न हुन्छ । कोतघरसित जोडिएको लाछी भएकोले खड्गजात्रा पनि यही शुरु र अन्त्य हुन्छ ।

***ननि*-'सानो चोक'**

*ननि*को अर्थ सानो लाछी हुन्छ । *लाएब*को अर्थ ननिभन्दा सानोलाछी हुन्छ । *द्यःननि* (६९) महालक्ष्मी मन्दिरको पूर्वमा जोडिएको बाटो भएर जाने टोललाई *देवननि* भनिन्छ । यो बाटो उत्तरको भगवतीलाछीसित जोडिएको मूलबाटोबाट शुरू भई दक्षिणतिर लागेपछि *तुँझो*मा टुंगिन्छ । *ननि* (७०) र *ननिचा* (७१) एउटै हुन् । *चा* निकट वा हेयवाचक प्रत्यय हो । यो टोल उत्तरी

भाग लुँभुको मूलबाटोको *धःसिलिबि*बाट शुरू भएर दक्षिणको *चीबहाल* हुदै न्हूछेफलमा गएर टुंगिन्छ । यस टोलको सहायकटोलको रूपमा *ननिहोः, कुलां* पनि रहेका छन् ।

*फैमाःननी* (७२) टोल महालक्ष्मी मन्दिरको पश्चिमी सिमानामा जोडिएर *कुलांहोः*मा सिद्धिन्छ । यो सानो चोक लुँभुको मूलबाटोको वारीपारी फैलिएको छ । २०२२।२३ सालसम्म श्रीमहालक्ष्मी-महाभैरवका बाख्राबाख्री प्रशस्त हुँदा यहीँ लस्करै बस्थे । लुँभुका मानिसहरूले औषधिका लागि यी बाख्रीहरूका दूध सेवन गर्थे । प्राचीन नेपालभाषामा *फसि*को अर्थ भेडा हुन्छ । *फसि* शब्दको अन्तिम व्यञ्जन *स* लोप भएर फइ भएको छ । अहिले यसलाई *फैमाननि* भनिन्छ । पहिलेपहिले भेँडा बस्थे भन्ने शाब्दिक अर्थ लाग्छ । नेसं ८२२को अभिलेखमा *फसिमाननि, फसिमोलननि* उल्लेख गरिएको छ (श्रेष्ठ ओ. ज., वि.सं. २०६९, पाना. १०७) ।

*बाकुननि* (७३)को अर्थ सानोलाछी भन्ने लाग्छ । यस टोलको मध्यभागबाट देवननी टोल निस्कने साँगुरो गल्ली छ, त्यस गल्लीको बीचमा *तजाःफः* पर्छ, जसलाई *दमर* पनि भनिन्छ । यही *तजाफः*को अगाडिबाट भगवतीलाछी निस्कने सानो गल्ली छ, यो गल्लीको कुनामा चारवटा काठको खम्बा गाडेर तीन तल्लाको घर बनाइएको छ, जसलाई *पेंगःथां* भनिन्छ । यो ठाउँको उल्लेख नेसं १०४४ को अभिलेखमा बाकुननि भएको छ (श्रेष्ठ ओ. ज., वि.सं. २०६९, पाना. ६८) ।

मगःननि (७४) कोनेटोलबाट पश्चिमतिर जाने सानो छेद छ र भित्रपट्टि सानो चोक छ, त्यसैलाई मगःननी (मलामीजाने गल्ली) भनिन्छ । यहाँ भएको बेताल, भैरवगण, छवासल, र घाट (छवासलको) ले मसानको राम्रो चिन्ह देखाएको छ । यो बाटो खासगरी मलामी जान प्रयोग हुनुपर्ने हो । हाल यो चलन देखिदैन । यसको पूर्वमा कोनेटोलमा नारायणलाल श्रेष्ठ र सिद्धिबहादुर श्रेष्ठको घरको बीचमा पुर्वाभिमुख भएर रहेको अर्को पनि *हामो द्यः* छ । यस्मा कुनै मूर्ति छैन चोसो परको ढुंगा मात्र छ । मानिसहरू यी देवतालाई पनि भैरवको रूपमा पुज्छन् ।

*लाएब* (७५) को अर्थ सानो चोक हुन्छ, जुन टोल महालक्ष्मी मन्दिरको दक्षिणी ढोकाबाट शुरू भएर पश्चिमतिर लाग्छ र फेरि उत्तरति हेरी *ननिहोत* भै *ननिटोल*मा निस्कन्छ । हाल यस बाटोमा अवरोध देखिएको छ ।

***तुं*-'इनार'**

वास्तु संरचनाको महत्वपूर्ण अङ्ग मनिने इनार यहाँ प्रशस्तै छन् । तीमध्ये केही मात्र यहाँ उल्लेख छन् । *कोनेत्वाः* उत्तरमा छवासकोदेखि शुरू भएर न्हुछेफलको सीमानामा रहेको *तफाःलोहं* सम्म फैलिएको छ । यो टोलदेखि पश्चिमको भागलाई कोनेटोल र माथिल्लो भागलाई मध्यभाग भनिन्छ । *कोनेतुं* (७६) लुँभु बजारक्षेत्रको सबैभन्दा तल्लोइनार हो । महालक्ष्मी मन्दिरमा हुने हरेक सांस्कृतिक भोजका लागि चाहिने पानी यहीबाट लिइन्छ । *तगोतुं* (७७) न्हूछेँफलबाट दक्षिणतिरको नासलटोल जाँदा मध्यभागमा पर्छ । यो ठूलो घेरा भएको इनार हो, जसबाट यस टोलको नाम रहेको छ । यसको पूर्वमा *आखाः*, *तुंझोः* र *देवननि* टोल रहेका छन् । उतरमा *न्हुछेँफल*, पश्चिममा *किलाको* हुदैँ *न्याथढोका* छिचोलिन्छ । दक्षिणमा  नासल टोल रहेको छ । यसको  उल्लेख नेसं  ९११को अभिलेखमा *तवग्वरतुंथि* उल्लेख भएको छ (श्रेष्ठ ओ. ज., वि.सं. २०६९, पाना. ५७) । *नासःतुं* (७७) नासल मन्दिरसंगै रहेको इनार भएकोले *नासःतु* टोल नाम रहेको छ । यस इनारको उत्तर-पश्चिममा पीठगण रहेको छ, दक्षिण-पश्चिममा *न्याथढोका*, पूर्वमा *नासल*टोल, उत्तरमा *तगोतुं* टोल रहेको छ ।

***धोका*- 'ढोका'**

शहरी वास्तुको सवैभन्दा पछिल्लो विकास ढोका देखिन्छ । गढ, किल्ला वा शहरको रक्षार्थ पोखरी, जंगल, अग्निकुण्ड निर्माण गरिएको पाइन्छ । प्राकार दुर्ग उपत्यकामा देखिन्छ । सुरक्षा कवचको नयाँ खोज क्रममा ढोकाबाट शहर सुरक्षा गर्ने चलन बढ्दो छ । हाल ढोका सुरक्षाभन्दा पनि शोभाको रूपमा देखा परेको छ । यस्ता ढोकाहरू लुँभुबजार क्षेत्रमा चारैकुनामा रहेका छन । *कोनेधोका* (७८) शहरको प्रवेशद्वारको रूपमा पश्चिमपट्टि रहेको छ । यो ढोका मुन्तिरलाई शहरबाहिर मानिन्छ । यो ढोकाका समानान्तर रूपमै गढपरखाल रहेको छ । हाल यसको अवशेष पनि समाप्त भैसकेको देखिन्छ । *चोएधोका* (७९) बजारको

माथिल्लो भागमा पोखरीसंगै रहेको छ । यो ढोका धैरै पहिले नै जीर्ण भएको छ र यससित रहेको पोखरी पुरेर बसपार्क बनाइएको छ । *न्याथधोका* (८०) बस्तीको सबैभन्दा उचाईमा, दक्षिणी सीमामा रहेको ढोका हो । यस ढोकाको दक्षिणमा ओरालोमा रहेको गःसि फाँटबाट हिँडेर आउँदा उचाईमा पुग्नुपर्ने ढोका भन्ने अर्थ लाग्छ । यसको अन्य आयामबाट अर्थ्याउन सकिएको छैन । *मचाःधोका* (८१) बस्तीको उत्तरीसीमामा रहेको *मचाःढोका*को अर्थ नखुलेको ढोका हुन्छ । यस ढोकाको अवस्थितिको विषयमा थरीथरीका किंवदन्ती पाइन्छ । यो ढोका शाब्दिक र वास्तुको हिसाबमा हालको क्षेत्रपाल भैरवको वरिपरि हुनुपर्ने देखिन्छ । क्षेत्रको अर्थ आवागमन गर्ने बाटो पनि हुन आउँछ, भैरव यसका रक्षक हुन् । यस ढोकालाई बन्द गरिनु, नखुलेको नखुटिएको जुनसुकै अर्थ लगाएपनि भक्तपुरबाट यस स्थानलाई खतरा भएकोले हिसाबले यो ढोका बन्द राखिएको विश्वास स्थानीयमा छ ।

यस बस्तीका प्रायः सबै मानिसहरूले घरमा शुभकार्य विवाह, व्रतवन्ध आदिको *वञ्जला* भक्तपुरको सूर्यविनायक मन्दिरमा पुगेरै गर्छन । *वञ्जला*को अर्थ समाप्ति वा समापनपुजा हुन्छ । आरम्भ र समापन गर्ने अधिकार घरमुलीलाई हुन्छ । यसको अर्थ कुनै न कुनै तवरले लुँभुका बासिन्दाहरूको भक्तपुरसित घरमूलीको जस्तो सम्बन्ध छ ।

आजपर्यन्त श्रीमहालक्ष्मी-महाभैरवको यात्रा उत्थान गर्दा मूर्ति उठाउँनलाई मूलगणबाट *गंगामहारानीया हुकुम* (गंगामहारानीको हुकुमले) भनेर मात्र उखेलिन्छ । यी गंगामहारानी भक्तपुरका राजाकी छोरी हुन् भन्ने आहान छ । यी रानी जन्मिदा राजाले शिशुको मुख हेर्न नहुने भनेर यस ठाउंमा कोतघर बनाई राज गराएको भन्ने छ । यी रानीले आफ्नो भातखाने सुनको थाल बेचेर बस्ती बसाले भन्ने किंबदन्ती निकै प्रसिद्ध छ । त्यसैले यस बस्तीको नाम लुँभु भयो भनेर स्थानीय वासिन्दाहरू आहान सुनाउँछन । तर यी रानी कुनचाहि हुन् ? शिवशिंह मल्लकी रानी हुन् वा प्राणमल्ल, विश्वमल्ल र गंगामल्ल सहितका तिभययुगका हुन्, यससित सम्बन्धित कुनै अभिलेख हालसम्म प्राप्त भएको छैन ।

किंबदन्ती र सांस्कृतिक अभ्यासलाई केलाउँदा भक्तपुरबाट हमला हुने आधार देखिदैन । *वाभु* र *लुंभु*को इतिहासमा उल्लेख छ । ती क्षेत्रमा हमला गर्न सिमरौनगढबाट सिपाही ल्याउन समय निकै लाग्ने हुनाले ठिमीमा भाडाका सिपाहीहरू राखेको भन्ने छ, यद्यपि यसको खण्डन मोहनप्रसाद खनालले गरेका छन् (खनाल, २०२६, पाहरू. ५९-६३) । तीमध्येका एक टोली *अँदोल*मा बसेका मगरहरू हुन भनिन्छ । त्यस विषयमा ऐतिहासिक खोजपछि लेखिनेछ । गोपालराज वंशावलीका अनुसार सं ४१७ माघ शुक्ल द्वितीयामा बनेपा र भक्तपुर मिलेर लुँभुमा लुटियो भनेर लेखिएको छ, त्यसमा लुँभुलाई *लुंह्यु* लेखिएको छ (वज्राचार्य ध. म., १९८५, पाना. ४८) । यो कुरा सत्य भएपनि ती मगरहरूले महालक्ष्मी महाभैरवको यात्रा मनाएर लुँभुका इमान्दार बासिन्दा बनीसकेका छन् । त्यसैले मचाःढोकाको किबदन्तीमा खोज गर्न बाँकी नै छ ।

***सि*-'किनार, छेउ'**

स्थाननाम जनाउन सन्दर्भ जोड्ने चलन छ, त्यस्ता ठाउँमा *सि* अर्थात् छेउ वा किनार प्रत्यय लागेको छ । *कोनेधोकासि* (८२) शहरको प्रवेशद्वारको छेउका बस्तीहरूलाई *धोकासि* भनिन्छ । त्यस्ता ढोका चारै दिशामा भएकाले तत्तत् स्थानहरूमा *धोकासि* पाइन्छ । यहाँ तल्लो ढोकाको छेउलाई *कोनेधोकासी* भनिएको छ । न्याथढोकाको छेउको बस्तीलाई *न्याथधोकासि*, माथ्लो ढोकाको छेउलाई चोए*धोकासि*, मचाःढोकाको छेउलाई *मचाःधोकासि* भनिन्छ ।

*खाःसि* (८३) *खाः* 'पोखरी' र *सि* 'छेउ' मिलेर बनेको छ, जस्को अर्थ पोखरी वरिपरिको वस्ती हुन्छ । तर *खाःसि* भन्दा *इताझोः*सित जोडिएको भागलाई मात्र बुझ्छन् । यो अर्थ संकुचन हो । *खुसिसि* (८४) लुँभुखोला र गोदावरी खोलाको किनारमा भएको बस्ती वा खेतलाई बुझाइन्छ । गःसि (८५) बस्तीछेउ बुझाउने शब्द बस्तीको चारैदिशामा प्रयोग भएका छन् । माथिल्लो बस्तीको छेउलाई *चोएगःसि* (८६), तल्लो बस्तीको छेउलाई *कोएगःसि* (८७) भनिन्छ । *गःसि* र *धोकासि* प्रायः छेउछाउमै रहेका हुन्छन् । यस खेतको उल्लेख नेसं ८२२ को अभिलेखमा *गरसिवातिका* भएको छ (श्रेष्ठ ओ. ज., वि.सं. २०६९, पाना. ५४)। हालको बसपार्कको अगाडिबाट उत्तरतिर गएर *चोएगल* सम्मको भागलाई बुझाइन्छ । यस क्षेत्रमा *गढपरखाल* अभिलेख प्राप्त भएको छ ।

*दंसि* (८८) दहको छेउछाउको जमीनलाई *दंसि* भनिन्छ। दह शब्द ह्रदबाट आएको देखिन्छ। दह शब्द व्युत्पत्तिको रूपसन्धि परिवर्तन प्रक्रियालाई यस प्रकार देखाउन सकिन्छ - ह्रद> दह्र [विपर्यास]> दह [र क्षयीकरण]> दः [ह क्षयीकरण]> दं [नासिकीकरण]। यसलाई सामान्य भाषामा भन्दा ह्रद शब्दको वर्ण अदलाबदली भई दह्र भयो। त्यसपछि रकार क्षय भएर दह भयो। त्यसपछि ह क्षयभएर दः भएको छ। अन्तमा ह अगिल्लो वर्णमा चढेर नासिकीकृत दं मात्र रहेको छ।

*धोकासि* (८९) चीन-भोट भाषापरिवारका भाषामा त र टवर्ग को अर्थ ठुलो, उचो, चौडा विशाल भन्ने लाग्छ। *धो* 'ठूलो' *का* या *खा* 'छेद वा द्वार' मिलेर द्वार वा लुखा अर्थ लाग्छ। द्वारको छेउलाई *धोकासि* भनिन्छ। नेपालभाषाको वर्णविज्ञानअनुसार ट वर्ग नभएकोले यसको  बदलामा तवर्ग मात्र प्रयोग गरिएको छ र ती शब्दहरूलाई *इटालिक्स*मा देखाइएका छन्। ढोकासि चारैदिशामा रहेको कुरा माथि गैसकेकोले पुनरावृत्ति गरिएको छैन।

*लिगंफुसधःसि* (९०) *लिगं*को अर्थ फर्केको, निकास लाग्छ, *फुस*को अर्थ सिरानी हुन्छ, *धःसि* कुलो छेउ हुन्छ। यसरी यो टोलको नाउँ पानी फर्केको कुलो छेउ, निकास छेउ भन्ने लाग्छ। यहाँ घाट पनि थियो, पछि बन्द भयो। यसको मुखबाट *लिविछेँ* शुरू हुन्छ। यो टोल तल्लो लाछीबाट १०० मिटर जति पूर्वमा पर्छ।

***हिति*-'धारा'**

*कोनेहिति* (९१) तल्लोधाराको उल्लेख नेसं ८१९ को योगनरेन्द्र मल्लको शिलाभिलेखमा भएको छ। यस भेगमा सवैभन्दा बलियो पानीको स्रोत भएको धारा हो यो। विसं २०२५मा जीर्णोद्धार हुँदा यस धारालाई *अमृतधारा* नाम राखिएको छ। यो धारा लुँभुको पश्चिमी प्रवेशद्वारसंगै रहेको छ। *खुँलाहिति* (९२) बेखाल फाँटको दक्षिण र *सँदोल*फाँटको पश्चिममा रहेको छ। यस धाराको मुहान *सँदोल*को पूर्वमा रहेको *लाखेदोल*मा रहेको छ, र प्रत्येक वर्षको ज्येष्ठ महिनामा सुक्छ। स्थानीय बासिन्दाका अनुसार यस धारामा चोरलाई समातेकोले यसको नामकरण *खुँलाःहिति* भएको भनिन्छ। भाषावैज्ञानिक कोणबाट हेर्दा यसको अर्थ धाराको पानी खोलामा पुग्ने पनि हुनसक्ने देखिन्छ। मानिसहरूको अर्को भनाइमा  छ महिनामात्र पानी आउने धारा भन्ने पनि छन्। *जरूँहिति* (९३) र *जरुँकोहिति* (९४) एउटै हो। *जरूँ*को व्युत्पत्तिको विश्लेषण *जरूफल्चा*मा भैसकेकोले यहाँ पुनरावृत्ति गरिएको छैन। भगवतीलाछीमा रहेको ढुंगेधारालाई *लाछीहिति* (९५)भनिन्छ। यो धारा अहिले सुकीसकेको छ।

***पुखू*-'पोखरी'**

दुर्ग र जलस्रोतको हिसाबले शहरको सवै दिशामा पोखरीको व्यवस्था गरिएको देखिन्छ। तिनमध्ये बाँकी रहेका केही स्थानको वर्णन यहाँ गरिएको छ। *खासिपुखू* (९४) खसिटोलमा परेको पोखरीलाई *खाःसिपुखू* भनिन्छ। यो *इताझोः* टोलको पूर्वमा पर्छ। *दापुखूचा* (९६) गोभ्राटेश्वर महादेव मन्दिरको प्रवेशद्वारसंगै अमृतेश्वरमहादेव तथा सत्संग भवनको पूर्वमा रहेको पोखरी हो। यस पोखरीबाट गोभ्राटेश्वर महादेवलाई स्नान गराउन पानी प्रयोग गरिन्छ। मानिसहरूले यसलाई अत्यन्त गहिरो मान्छन् । यसैले यसलाई दाफापोखरी भन्छन्, जसबाट *दापुखू* हुन गएको छ। यसलाई सुत्रमा *दाफापुखू* > *दापुखू* [फा क्षय] गरी देखाउन सकिन्छ। *पिलांख्यःपुखू* (९७) *पिनेलाःगुखेलया पुखू*बाट *पिलांख्यःपुखू* भएको देखिन्छ। यो पोखरी तल्लो प्रवेशद्वार *कोनेधोका*बाट बाहिर रहेको चौरमा फैलिएको पोखरी हो। यसै पोखरीमा पीठगण पनि छ। हाल यो तल्लो चौतारोबाट उत्तरतिर कुलोसित जोडिएको छ। यही चौरबाट *कोएगल* जाने बाटो पनि खुलेको छ। *बगैचापुखू* (९८) श्रीमहालक्ष्मी-महाभैरवको बगैचाको रूपमा रहेको पोखरीलाई बगैचापोखरी भनिन्छ। यो पोखरी गोभ्राटेश्वर मन्दिर परिसरको उत्तरमा राजकुलोसित जोडिएर रहेको छ। यही पोखरीसित बगैचा पनि छ, जसबाट श्रीमहालक्ष्मी-महाभैरवलाई चाहिने फलफूल र फुलपाती यहीँबाट लिने गरिन्छ। यसलाई *चोएस्वांकेव* पनि भनिन्छ।

***धः*-'कुलो' / *खु*-'खोला'**

खिचापुखु धः (९९) श्रीमहालक्ष्मी-महाभैरवको देवीथानचौरको दक्षिणपूर्व कुनाको देख्यःघः देखि २५ मिटर जति तलको मोड नाघेपछि राजकुलोको भागलाई *खिचापुखूधः* भनिन्छ, जहाँबाट झुतिफाँटको पूर्वी फाँटमा पानी पटाइन्छ।

*खिचापुखू*को पुरानो रूप *खेचालपुखुल*बाट *खिचापुखू* भएको सूत्रमा यसरी देखाउन सकिन्छ – *खेचालपुखुल*> *खेचाःपुखुल* [ल लोप]> *खिचाःपुखुल* [स्वर क्षय]> *खिचापुखुल* [दीर्घता लोप]> *खिचापुखू* [ल लोप] । *गःसिधः*(१००) देवीथानचौरको दक्षिण *झुति*फाँटको उत्तरमा चुनदेवीस्थानको माथिबाट राजकुलो दुईतिर छुट्टिन्छ । उत्तरतिरको कुलो फिरफिरे, मूलबाटो हुदै गःसिफाँट (आवासयोजना) मा छिर्छ र टार हुदै *सँदोल*मा एक भाग अर्को भाग बेखालको उकालो हुँदै सँदोलमै गएर टुंगिन्छ । यो कुलोलाई *गःसिधः* भनिन्छ ।

*सुकुफः*को मुनिबाट बाँध बाँधेर ल्याएको कुलो *दंसि* हुदैं *गःसिबुँ*मा प्रवेश गर्छ, यसलाई *छयंमरुधः* (१०१) भनिन्छ । *सुकुफल*बाट कुलो बाँधी ल्याएको कुलोलाई *जँधः*(१०२) भनिन्छ । यसले *दंसि* हुँदै *गःसि*सम्म सिचाइ गर्छ । *देधः* (१०३) श्रृङ्गमती र गोमतीको दोभानबाट लुँभुखोला बनेपछि कुलो बनाउदै आएको कुलोलाई दे*धः* भनिन्छ । यो कुलो लुँभु बजारक्षेत्र भएर आएपछि पश्चिमतिर *मचागाल*बाट गोदावरी खोलामा टुंगिन्छभने उत्तरपश्चिममा *चपिन, बेखाल, चांगाथली* हुदै गोदावरी खोलामा टुंगिन्छ । *सेराधः* (१०४) *तिलबु*क्षेत्रको लुँभुखोलामा बाँध बाँधेर ल्याएको कुलो *दंसि*फाँटको दक्षिणतिर हुदै *न्याथगःसि* पुग्छ । लुँभुको बस्तीबाट दक्षिणमा रहेको फाँटलाई सिँच्ने कुलोलाई *सेराधः* भनिन्छ । सेराफाँट भन्नाले जरूहितिदेखि दक्षिणतिर सिलमुनिको लुँभुखोला खोलासम्म र पश्चिममा *च्यापिखः* हुँदै दक्षिणपश्चिममा *मातंबुँ*सम्मको फाँटलाई सेराफाँट भनिन्छ । सेरा भन्नाले शेरजस्तो सवैभन्दा उत्तम वा राम्रो भन्ने अर्थ लाग्छ । *सँधः* (१०५) लुँभु र सिरूटारको सीमामा रहेको मसिनो कुलोजस्तो खोलालाई *सँधः* भनिन्छ । यही खोला ललितपुर र भक्तपुर जिल्लाको सीमाना पनि हो । यो खोलाको किनारमा रहेको दक्षिणतिर रहेको लुँभुको फाँटलाई सँदोल भनिन्छ । यो सँदोलको पूर्वमा जोडिएर रहेको डोललाई *अँदोल* भनिन्छ ।

प्राचीन नेपालभाषामा *वखु*को (१०६) अर्थ पश्चिमको गोदावरीखोला र *वखुघाट*को (१०७) अर्थ गोदावरीखोलाको घाट हुन्छ । यसलाई *गोराःखुसि* (गोदावरी खोला) मात्र पनि भनिन्छ । यहाँ जीवन आरम्भ र समाप्तिका सवै कर्मकाण्ड हुन्छ । यसको नाम नेसं ८८७ को अभिलेखमा *वलुषुसि* उल्लेख गरिएको छ (श्रेष्ठ ओ. ज., वि.सं. २०६९, पाना. ७९) ।

***वपि*-'पधेरो'**

*वपि* र *बुंगाः* को अर्थ पँधेरो र कुवा हुन्छ । *बुँगाः*को आक्षरिक अर्थ *बु* 'पानी उब्जिनु', *गाः* 'खाल्टो' हुन्छ । *बुंगाः* प्राकृत हुन्छ, भने *वपि* मानिसले बस्न मिल्ने गरी बनाइएको बुझिन्छ । बस्ती नजीकको *वपि गःसि*फाँटमा रहेकोले यसलाई *गःसिवपि* (१०८) भनिन्छ । *चपिन*फाँटमा रहेको पँधेरो भएकोले *चपिंवपि* (१०९) भनिएको छ । यसको पानी खासै बलियो छैन । *बेखाल*फाँटमा रहेको पँधेरोलाई *बेखाःवपि* (११०) भनिन्छ । यसको पानी मिठो मानिन्छ ।

***बुँ*-'खेत'**

लुँभुमा बस्तीभन्दा खेत धेरै देखिन्छ । यसको मतलव लुँभुका बासिन्दाले खान अन्यसित भर पर्नुपर्दैन । भान्छाको लागि अन्यसित भर परेपछि दरिद्र भइन्छभन्ने पौरस्त्य अर्थवेत्ताहरूको मान्यता छ । यस हिसाबले लुँभुको बस्ती बसाउँदा आत्मनिर्भर हुने तरीकाले बसाएको पाइन्छ । यस्ता योग्य जमीनको क्षेत्रलाई *बुँ* भनिन्छ । बस्ती नजीकको खेतीयोग्य जमीनको क्षेत्रलाई *गःसिबुँ* (१११) भनिन्छ । *गःसिबुँ*लाई पुराना अभिलेखहरूमा *गलसिखेत* भनिएको पाइन्छ । लुँभुमा *कोएगःसि, चोएगःसि, न्याथगःसि, खलगःसि* जस्ता फाँटहरू छन । *चपिंबुँ* (११२) *चपिन*खेत *इनबहाल*को दक्षिणपश्चिम *मचागाल*खेतको उत्तर उचाईमा तगिन परेको खेत हो । हाल यहाँ घरले ढाकिसकेको छ । *चाकमुगःबुँ* (११३) *ल्होसाः* नजीक रहेको छ । यहाँ चारैतिर चकला परेको फाँट छ । *जापोखाबुँ* (११४) भातेढिकुरको खेत सेराफाँटको दक्षिण पश्चिमी सीमानामा रहेको छ। यहाँ नेवारजातिको काजक्रिया गर्दा भात राख्ने ठाउँ छुट्याइएको छ । देवीथान मुनिको राजकुलोको दक्षिणी फाँटलाई *झुतिबुँ* (११५) भनिन्छ । यो पानीको एकदम सुलभ र सिमसार जस्तै हुने फाँट हो । गहुँ खेतीको लागि साह्रै राम्रो मानिन्छ । यहाँ पनि अव्यवस्थित शहरी योजना आएर फाँट घरले भरिएका छन् । यसरी बजारको वरिपरि भएका सम्पूर्ण खेतीयोग्य जमीनलाई घरमा परिवर्तन गर्दा आजकल लुँभुका बासिन्दाले पनि खाद्यान्न आयात गर्न थालेका छन् । यसमा स्थानीय सरकारले विचार पुर्‍याउन ढीलो भैसकेको

छ । *ताःबुँ* (११६) *गःसिबुँ* र *स्वामाकुं* खेतदेखि उत्तर *संदोलबुँ*को दक्षिणी टारमा रहेको खेत हो । टारमा रहेकोले यसलाई *ताःबुँ* भनिने र त्रिकोणाकारको खेत हो । यहाँ पनि घरले छोपेको छ । *तिलबुँ* (११७)को उल्लेख नेसं ८८७ को अभिलेखमा *तिलक्षेत्र* भएको छ (श्रेष्ठ ओ. ज., वि.सं. २०६९, पाना. ८०) । यो लुँभु खोलाको दक्षिणमा पण्डोलको उत्तरमा तिलबुँ महादेवको वरपर रहेको छ ।

इनारको जल भण्डारण क्षेत्रलाई *तुँजः*(११८) भनिन्छ । महालक्ष्मी माविबाट दक्षिण *खुसिलँ* भएर यसको पूर्वमा *दंसिबुँ*, पश्चिममा *सेराधः* दक्षिणमा *लुँभुखोला*सम्म पुग्छ । *थौबुँ* (११९) देवीथानको मूलबाटोदेखि उत्तरीफाँट निकै चौडा र लामो छ । यस अन्तरगत *ससम्बु*, *थलि*, *पिचागाल*समेत पर्छन । *थौ* शब्दको व्यूत्पत्ति यस्तो छ- *स्थली*> *थलि*> *थौ* । स्थलीको अर्थ समतल हुन्छ, उदाहरणमा थापाथली, धमस्थली, गोकर्णस्थली, मृगस्थली आदि छन् । इकारान्त शब्द रूपध्वनिपरिवर्तन हुँदा औ हुन्छ । जस्तो- *हतिगल*> *हौगल*, *सतिगल*> *सौगल*, *नलि*> *नौ*, *धलि*> *धौ*, *खरि*> *खौ* आदि । नेसं ८४७को अभिलेखमा यसको उल्लेख *थलिबुक्षेत्र* उल्लेख भएको छ (श्रेष्ठ ओ. ज., वि.सं. २०६९, पाना. ५३) । *देकोबुँ* (१२०) बस्तीमुनिको खेतलाई *देकोबुँ* भनिन्छ । *कोनेसिलाफः*को दक्षिण, *गःसिबुँ*को पूर्व, *गाःकेव*को पश्चिम, *न्याथपुखू*को उत्तरमा यो खेत रहेको छ । आजभन्दा ४० वर्ष पहिलेसम्म श्रीमहालक्ष्मी-महाभैरवका हजारौ बाख्राबाख्री थिए । तिनीहरूको चरनको लागि खेतको व्यवस्था गरिएको थियो, जसलाई *द्यःचोलएबुँ* (१२१) भनिन्छ । यो खेत पहिले निकै भएको अनुमान हुन्छ । हाल आएर *बेखाःवपि*को पश्चिममा रहेको एक खला मात्र देखिन्छ । यसमा अलिक विचार गर्नु पर्छ । हाल बाख्राबाख्री मासिए ।

*पिचागाःबुँ* (१२२) *गःसिबुँ*को पूर्व, *चसिडोल*को दक्षिणमा, *लोँसाः*को उत्तर, र *मूलं*को पश्चिममा रहेको खेत हो । *पिचागाल*को एउटा अर्थ रोपो गाड्ने खेत हुन्छ भने अर्को शिशुको सालनाल गाड्ने खेत हुन्छ । पछिल्लो अवधीमा यहाँ दोस्रो काम भएको देखियो । हाल यहाँ सरकारी आवाश योजनाले घर भरिभराउ भएको छ । सरकारले पनि उव्जाउ जमीनमा घर बनाउँदा अनिकाल पर्छ भन्ने सोचेन ।

*बेखाबुँ* (१२३) *ताःबुँ*, *इनबहालको पोखरी*बाट आएको पानी सिक्त खेत हो । यो फाँट रसिलो हुँदा धान खेतीको लागि राम्रो मानिन्छ । यो फाँट दक्षिणमा *इनबहाल*देखि उत्तरमा *खुँलाहिति*सम्म, पूर्वमा *ताःबुँ* र पश्चिममा *चागाथली* जाने बाटो भित्रको क्षेत्र हो । *बेखाःबुँ*सित जोडिएको तगिन हुँदा यसलाई *बेखाःतगिंबुँ* (१२४) भनिन्छ । यहाँ पनि निजी आवासले छोपेर खेत हराइसकेको छ । नेसं ८२३ को अभिलेखमा *बेषालत्वाल* उल्लेख भएको छ (श्रेष्ठ ओ. ज., वि.सं. २०६९, पाना. ९६) । *मचागाःबुँ* (१२५) मचागालको क्षेत्र पूर्वमा *कोनेहिति*को निकास पश्चिममा *वखुहिल*सम्म लुँभुबाट पाटन जाने मूलबाटोको वरिपरि उत्तरमा *चपिंबुँ*, दक्षिणमा *न्याथधोका*बाट *वखुहिल*सम्मको बाटो भित्रको क्षेत्र हो ।

*मातँबुँ* (१२६) शब्द महानतीर्थको रूपध्वनिपरिवर्तन भएर आएको छ । यसको प्रक्रिया यस्तो छ- *महानतीर्थबुँ* > *महांतीर्थबुँ* [नासिकीकरण] > *माहातीर्थबुँ* [न क्षय ] > *मातीर्थबुँ* [अल्पप्राणीकरण] > *मातीबुँ* [अन्तीमवर्ण क्षय] > *मातबुँ* [स्वर क्षय] । *मात*मा *बुँ* जोडिदा बीचको त पनि नासिकीकरण भएर *मातँबुँ* हुनगएको छ । यो स्थान सेराबुँको दक्षिण-पश्चिम कुनामा गोदावरी खोलामा रहेको खेत हो । यो ठाउँ पूर्वबाट आएको लुँभु खोला र दक्षिणबाट आएको गोदावरी खोला मिसिएको दोभान हो । किंबदन्तीअनुसार श्रीमहादेव-पार्वर्तीको अक्षयतृतीयाका दिन विवाह भएको ठाउँ भएकोले यो महानतीर्थ भएको हो । सोही विश्वासमा अक्षयतृतीयाको विहानै यस तीर्थमा स्नान गरेर मात्र श्रीमहालक्ष्मी-महाभैरवको यात्रा शुरू गर्न चाहिने पूजाआजामा लाग्छन् ।

*ससांबुँ* (१२७)को पूर्वमा लामाटारको ठुलाघर, पश्चिममा *थौबुँ*, दक्षिणमा न्यातिचा र दक्षिणमा लामाटार जाने मुख्य मार्ग रहेका छन् । यो ठाउँ महालक्ष्मी नपा, वडानं ८ को लुँभु र वडा नं ९को लामाटारको सीमा क्षेत्र पनि हो । *ससांबुँ*लाई शंभु वा महादेवको खेत भन्ने चलन पनि छ । किंबदन्तीअनुसार प्राचीन लुँभु यसै स्थानमा रहेको विश्वास गर्छन् । श्रीगोभ्राटेश्वर महादेव तथा *देख्यः* श्रीमहालक्ष्मी-महाभैरवको चौर देवीथानभन्दा माथि मानिसहरूको बस्ती थियो रे । पछि बस्तीका ती बासिन्दाहरूलाई

गाँड रोगले दुःख दिन थाले । जान्नेलाई देखाउँदा महादेवको मन्दिरभन्दा माथि बसेकोले रोगले दुःख दिएको थाहा पाए । त्यसपछि लुँभुको बस्ती अहिलेको स्थानमा सारे र सो रोग शान्त भयो भन्ने आहानले यस ठाउँमा व्यापकता पाएको छ । यसको अवशेषको रूपमा ठूलाघर, ससम्बु क्षेत्रमा पौडेलहरूको घर बनाउँदा पुरातात्विक तेली ईँटा[4] भेटिएको थियो ।

*गाःकेव* (१२८) *कोनेधोका*देखि दक्षिणमा *किलाको*टोलको पश्चिममा रहेको बारीसम्म, पूर्वमा *मगःननि* र पश्चिममा *गःसिबुँ*सम्म फैलिएको शहरको सबैभन्दा तल परेको बारी हो । हाल यो *कोनेधोकासि*टोल भनेर चिनिन्छ । बजारको माथिल्लो ढोका छेउको पोखरी (हालको बसपार्क) भएर आएको पानी बजारभित्रका *पाहुल*, *नासल, न्हुछेफल*टोलका सवै इनारहरूमा पानी लाएपछि बाँकी रहेको पानी यही बारीबाट निकास हुन्छ ।

*स्वांकेव* (१२९) र *स्वामाकुं* (१३०) एउटै नाउँका दुईभेद मात्र भन्न सकिन्छ । यो क्षेत्रको पूर्वमा *गःसिबुँ*, उत्तरमा *ताःबुँ*को पश्चिमीकुना, दक्षिणमा *इनबहाल*पूर्वको गःसिबुँ, र पश्चिममा *इनबहाल*बाट बेखाल जाने बाटो पर्छ । यो *गःसिबुँ*कै ऊर्वर भाग हो । यसठाउँमा नेपालसरकारले आवास क्षेत्र बनाएको छ ।

ढुङ्गा गाडेर सीमाना छुट्याएइएकोले *लोहंसाः* वा *ल्होंसाः*(१३१) भनिन्छ । यो घाफलको मूलबाटो निस्कने *सिलाफः*बाट उत्तरमा *चसिडोलको* बाटोमा निस्किन्छ । यहाँदेखि पश्चिममा नेपाल सरकारले आवास क्षेत्र बनाएको छ ।

***लँ- बाटो***

*नाएगःलँ* (१३२) *पाहुल*टोबाट १०० मिटरजति दक्षिण पूर्वतिर एउटा सांगुरो बाटोमा शुरू र श्रीमहालक्ष्मी माविको दक्षिणीभाग *खल*मा गएर टुंगिन्छ । *नासःलँ* (१३३) *नाएगःलँ*को दक्षिणपश्चिममा शुरु र *न्याथढोका*मा टुंगिन्छ । न्याथलँ (१३४) *न्याथधोका*बाट शुरू भएर पश्चिममा *वखुतं*मा गएर टुंगिन्छ । यो पाटनबाट लुँभु आएको मूलबाटोको समानान्तर भएर बसेको छ । मूलँ (१३५) *लःफोनेलँ* (१३६) सांस्कृतिक बाटो हो । लुँभुमा आषाढशुक्ल एकादशीसम्म पानी नपरेमा वासुकि नागराजासित विधिपूर्वक पानी माग्नुपर्छ । नागराजाको थान लुँभुको पूर्वी भञ्ज्याङ विहेवरडाँडाको पूर्वी भागमा रहेको सिमसार क्षेत्र हो । *वखु* खोलाबाट नुहाइ धुवाइ गरी *कोनेहिति*, *छवासको*को वासुकिथान, *गोभ्राटेश्वर*, *देख्यः*, दोभान, सिस्नेरी हुदै फाँटैफाँट गएर विहेवरडाँडाको उकालो हुदैँ वासुकिथानसम्म साहै उकालीओराली गर्दै हिड्नुपर्ने बाटो हो । कहीँकहीँ मानिसको घरको धुरी, छानो पनि चढ्नुपर्छ । यस्तो बेलामा सम्झाइ बुझाइ गर्न लुँभुका समस्तजनको लस्कर यस बाटो भएर हिड्छन् । त्यहाँ पानी माग्न जाँदा प्रयोग गरिने बाटोलाई *लःफोनेलँ* भनेर बुझिन्छ । यो बाटो सांस्कृतिक बाटो हो, स्थायी बाटो होइन ।

*लाखेलँ* (१३६) निशाचर लाखे हिँडने बाटो हो । यो बाटो *ताःबुँ* (टारखेत)बाट सिरुटार जाँदा *सँदोल* भएर जाने बाटो, र पिचागालबाट पश्चिम *बेखालवपि*सम्मको गोरेटो हो । यो बाटोमा मध्याह्न र मध्यरातमा हिँड्नु हुन्न भन्ने विश्वास छ । यस बाटोमा आवादी भरिएपछि यो विश्वास क्षीण हुँदो छ । *सेरालँ* (१३७) *जरूंहिति*मुनिबाट शुरू भएर बिष्णुडोलसम्म पुग्छ । *सिथंलँ* (१३८) मलामी जाने सांस्कृतिक बाटो हो । यो बाटो तल्लो भेगमा र माथिल्लो भेगमा फरक फरक छन् । यो बाटो मूलबाटो नभएर कहीँकहीँ घुमाउरो छ । तल्लो भेगको *मगःननि*टोलमा घुमाउरो छ । यस्तो बाटो मूलबाटोको यात्रामा खलल नहोस् भनेर बनाइएको हुन्छ ।

***ख्यः*-'चौर'**

*ख्यः* शब्द *खेल*को व्युत्पादित रूप हो, जसको अर्थ चौर हुन्छ । यस्ता चौर पानीसंकलन केन्द्र, खलियान, खुलास्थानको रूपमा रहेका हुन्छन् । यस्ता चौरहरूमा खासगरी कुलदेवता रहेका हुन्छन्, जहाँ कुलबन्धूहरू भेला भई पूजागरी भोजभतेर गर्छन् । यस्ता चौरको वर्णन यस उपशिर्षकमा परेका छन् । *चाकलाःख्यः*(१३९) *गःसिबुँ*को दक्षिण, *ताःबुँ*को उत्तरमा *स्वामाकुं*को पूर्वमा र *लाखेद्यःचा*संगै रहेको छ । सरकारी आवास योजनाले यो चौर मासिएको छ । *झम्सिख्यः* (१४०) टारखेतको

---

[4] छलफलको क्रममा २०७८।०८।२७ सोमवार डा. नयनाथ पौडेलले उहाँहरूको ससम्बुको घर निर्माण गर्दा तेलीईँटा भेटिएको कुरा सुनाउनु भएको हो ।

पश्चिम, बेखालतगिनको पूर्व, गःसिखेतको उत्तर र सँदोलखेतको दक्षिणमा रहेको सानो ढुङ्गीनक्षेत्र हो। यहाँ एउटा कुवा पनि छ, तर पानी बलियो छैन। यहाँ करीब ३० वर्ष अगाडिसम्म थेमिमाइला भन्ने व्यक्तिले झिंगटी बनाउने र पोल्ने गर्थ्यो। हाल यो ठाउँमा झम्सिखेल टोल विकास समिति खडा गरिएको छ।

देख्यः (१४१) लुँभुको मुख्य सांस्कृतिक चौर हो। यो चौरको क्षेत्रफल ५० रोपनी भएको मानिसहरू विश्वास गर्छन्। यसको पूर्वमा महालक्ष्मी क्याम्पस र दक्षिण-पश्चिममा नेपालप्रहरीको लुँभु वृत्तको कार्यालय वसेको छ। यस चौरमा श्रीमहालक्ष्मी-महाभैरवको यात्रा आरम्भदेखि अन्त्यसम्म देवीथानमा पूजा हुन्छ। यही मन्दिरको दक्षिण-पश्चिम कुनामा १० फुटजति लामो र ३ फुटजति चौडा ढुंगा रहेको छ, जसलाई कर्कोटक नागको रूपमा पुज्छन्। त्यसको १० फुटजति पश्चिमतिर खाल्डोमा एउटा ढुंगा रहेको छ, जसलाई *बेताल* देवताको रूपमा पुजिन्छ। यस चौरमा सबै जातजातिका मानिसहरू आफ्नो उत्सव, भोज मनाउँछन्। *देगःचाख्यः* (१४२) *गःसिबुँ* को उत्तरी किनार र *ताःबुँ*को दक्षिणी शुरूवात बिन्दु भन्दा हुन्छ। यहाँ *बखाः कुनां* भएका मानिसहरूको कुलदेवता रहेको छ, यसलाई *देगःचा* र यससित जोडिएको चौरलाई *देगःचाख्यः* भनिन्छ।

पिलांख्यः (१४३) को वर्णन *पिलांख्यःपुखू*मा गैसकेको छ। यसको अवस्थिति *कोएसिलाफः*को उत्तरमा मूलबाटो र *देधः*सित जोडिएर पूर्वतिर मोडिएको छ। *फएलिंख्यः*(१४४) *घाःफल*को पूर्व, *देधःसि*को उत्तर, *गःसिधः*को पूर्व, र *मूलँ*को दक्षिणमा रहेको सानोढिस्कोसित रहेको चौर नै *फएलिंख्यः* (फिरफिरेचौर) हो। यसमा वैशाखमा गाडेको जेष्ठशुक्लषष्ठीको दिनमा यहाँ खटीएका लामाले फिरफिरे उखेल्छन्। यो फिरफिरे गाड्ने र उखेल्ने काम लामाले गर्छन्। लामा यहाँ विशेष विधिबाट परीक्षण गरिसकेपछिमात्र छानिन्छन्। त्यस लामाले प्रत्येकवर्ष श्रीमहालक्ष्मी-महाभैरवको यात्राको मूलदिन वैशाखशुक्लअष्टमीको सरकारीपूजामा कालोबोका दिनुपर्छ। यस बापत यी लामाले गहुँ काटेपछि प्रत्येक घरबाट जग्गा अनुसारको बाली उठाउन पाउँछन्। यो फिरफिरेचौर लामाको साधना गर्ने ठाउँ हो।

***दिप*-'मसान'**

*जुगिदिप* (१४५) *दिप* (मसान), र जुगि अर्थात् जोगी (कुस्ले) हरूको लागि छुट्याइएको चिहान हो। *जुगि*हरू नेवारमध्येमा कापालिक संप्रदाय प्रवेश गरेका सन्यासीहरू हुन्। तिनीहरूलाई *कपाली* यसैकारण भनिएको हो। *कुस्ले, दर्शनधारी* र *कपाली* नेवारजातिमध्येका गृहस्थ सन्यासीहरू हुन्। उनीहरूको मृत्युसंस्कार गर्दा दशनामी सन्यासी जस्तै माटोमा गाडीन्छ। यसको लागि *गःसिधः*को माथि *चुन्द्यः*अगाडि देवीथानचौरको दक्षिण-पश्चिम कुनामा छुट्याइएको छ, जसलाई *जुगिदिप* भनिन्छ। यसको पूर्वी छिमेकी नेपालप्रहरीको लुँभु वृत्तको कार्यालय हो। *दिप* (१४६) *चोए* (माथिल्लोभेग) र *कोए* (तल्लोभेग) का लागी छुट्टाछुट्टै छन्। माथिल्लो भेगको आरुबोट, ज्याथपाखा जाने बाटोमा *तुँजः*मुनि *जँधः*को उत्तरमा जोडिएको छ। तल्लोभेगका लागि गोदावरीखोलाको पुलमुनि राखिएको छ। *मूदिप* (१४७) गोदावरीखोलापारि पश्चिमी किनारमा, *पींगंद्यः*को दक्षिणमा हालको *दनबोस्को स्कूल*को दक्षिणमा छ। हाल यो मसान मासिएको छ। मूलमसान हुनलाई मसानभैरव, महादेवको लिङ, खरीको बोट, पानीको स्रोत, र चैत्य हुनु जरूरी छ। यस स्थानमा चैत्यको अभाव छ। यो मसान महालक्ष्मी नगरपालिकाको वडानं ६ को सिद्धिपुरमा रहेको छ। तर पनि सांस्कृतिक परम्परा भएकोले वडानं ८ लुँभुका बासिन्दाहरूले यहाँ मृत्युसंस्कार गर्दैआएका छन्। यो मसानमा श्रीमहालक्ष्मी-महाभैरवको *सनागुथी* (मृत्युसंस्कारगुठी) मा सम्मिलित सदस्यहरूको मात्र दाहसंस्कार हुन्छ। हाल ती सदस्य तथा अन्यले पनि गोदावरीखोलामुनिको मसानमै संस्कार गर्छन्।

**छेँ-'घर'**

मानिसका आधारभूत आवश्यकता घरको नामबाट टोलको नाम पनि रहन गएको छ। नृत्य, संगीत, नाटक तथा अन्य कलाधर्मी काम गर्न तथा संगीतको साधन खासगरी छालाबाट बनेका साधनहरू राख्न यस्ता *आखाःछेँ* (१४८)को व्यवस्था भएको हुन्छ। यो घरको उत्तरपट्टि *लाएब*, पश्चिममा *आखा*, पूर्वमा *देवननी* र दक्षिणमा *तुँझो* रहेका छन्। तर यहाँ जाने प्रवेशद्वार आखालबाट मात्र खुलेको छ। यस घरको अस्तित्व संकटमा छ। *कुलांछेँ* (१४९) *फैमाननि*बाट भित्र दक्षिणतिर आउँदा ३, ४

घरभित्रको टोल हो। यो महालक्ष्मी मन्दिको पश्चिम, *लिबिछेँ*को पूर्वमा रहेको टोल हो। यसलाई *कुलां* पनि भनिन्छ। *तःखाछेँ* (१५०) *वाकुननि*को ठीक सामुन्नेको उत्तरको छेदबाट पसेपछि *चोएगः*सम्मको बस्तीदेखि उत्तर-पूर्वमा *पीगन*सम्म र दक्षिण-पूर्वमा *पाहुलहोत* अगाडिसम्मको चारपाते आकारको बस्ती हो। लुँभुका तीनघर *दबूछेँ, लिबिछेँ* र *तःखाछेँ* मध्येको एक हो। *बाकुननि* र *चोएधःसि* पनि यसैको छत्रमा परेका टोल हुन्। *दबूछेँ* (१५०) डबलीमा टासिएको घर अथवा रंगमञ्चको अर्थलाग्ने यो टोल लुँभुका प्रमुख तीन टोलहरू मध्येको एक हो। यो टोल कोनेलाछीको दक्षिणमा रहेको डबलीसित जोडिएर रहेको छ। यस घरका बासिन्दाहरू फैलिएर *न्हुछेँफल*, दुन्छे, र *किलाको*मा बसेका छन्। हाल मानिसहरू दबूछेँ भन्नाले *किलाको*लाई बुझ्छन्। रंगमञ्च सित जोडिएको मात्र हैन, नृत्यनाथसित यस घरको सम्बन्ध दाफा भजनसित रहेको छ। यस घरका मानिसहरूलाई *महाजू* (अमात्य) भन्छन्। यिनीहरू दाफामा गुरू भएर काम गर्ने हुँदा यिनीहरूलाई गुरुखलक भनेर चिन्छन्। यी खलकका मानिसहरूले नाच सिक्दा खुट्टामा *घंगला* (नूपुर) बाध्नुहुँदैन भन्ने धारणा छ। नेसं ८३४, ८८१ महालक्ष्मीदेवताको अभिलेखमा *दुंदुगृह, दबूछेँ* लेखिएको पाइएको छ। यस बाहेक नेसं १०४४मा पनि यसको उल्लेख भएको छ (श्रेष्ठ ओ. ज., वि.सं. २०६९, पाना. १२७)।

*पुलांद्यःछेँ* (१५१) श्रीमहालक्ष्मी-महाभैरवको पुरानोमन्दिर हो। विसं १९८१सालमा यहाँबाट हालको मन्दिरमा देवीगणलाई सारिएको भन्छन्। अहिलेको मन्दिरलाई *द्यःछेँ* 'देवताको घर', 'मन्दिर' भन्छन् भने पुरानो मन्दिरलाई *पुलांद्यःछेँ* भन्छन्। हाल यो घर भोजभतेर गर्ने थलोको रूपमा विकास भएको छ। यसले महालक्ष्मीगुथिको आयस्रोत भएको छ। *लिबिछेँ* (१५२) यस कोटीमा परेका तीनवटा टोलहरूको उल्लेख अधिकांश अभिलेखमा भएका छन्, जसलाई स्थानीयहरू प्रारंभिक वस्ती मान्छन्। नेसं ८३४ को अभिलेखमा यस टोलको नाम *रीवीवीछेँनंनि* लेखिएको छ (श्रेष्ठ ओ. ज., वि.सं. २०६९, पाहरू. १११-११३)।

## वास्तु

वास्तु शब्द वस्तुबाट आएको हो। वस्तु भन्नाले घर वा घरसित सम्बद्ध सामग्री किल्ला, डबली, बाटो आदि पर्छन्। *किलाको* (१५३) टोलको क्षेत्र *न्हुछेँफल*देखि उत्तर, *तगोतुँ*देखि पश्चिम, दक्षिण, र *गाःकेव*को पूर्वमा रहेको टोल हो। *किला*को अर्थ भित्ता, गढ, किल्ला हुन्छ। यस टोलदेखि पश्चिममा बस्ती नभएको र गढपर्खाल भेटिएकोले यसलाई सीमान्त मानिएको छ। *दबू* (१५४) सामान्यतः एउटा अग्लो संरचना हो, जसमा कलाका विभिन्न विधा बाद्य,गीत, नाच प्रदर्शन गरिन्छ। यसको अवस्थिति *छ्वासको*को दक्षिण-पूर्व, कोनेटोलको पूर्व, *नासःद्य* र *कृष्णद्यः*को पश्चिम, र पाटनबाट आउने बाटोको दक्षिणमा पर्छ। यो डबलीमा यस भेककै नाच, नाटक संगीतको साधना गर्न र समापन गर्न यहाँ पूजा गरिन्छ। *दमर* (१५५)को वर्णन *बाकुननी*मा भैसकेकोले पुनरावृत्ति गरिएको छैन। *दुनेलिबि* (१५६) *लिविछेँ*बाट दक्षिणको गल्लीबाट करीब ५० मिटर भित्र पसेपछि पश्चिमतिर फर्केको सानो चोक छ त्यसलाई *दुनेलिवि* भनिन्छ। यो *लिविछेँ*कै अंग हो। *धोकापिने* (१५७) बस्तीको चारैतिर रहेका पुराना ढोका बाहिरको बस्तीलाई सम्बन्धित ढोकाको नामसित गाँसेर भन्ने चलन छ। *कोनेधोका*को बाहिर *कोएधोकापिने*, *न्याथधोका*को बाहिर *न्याथधोकापिने*, चोएधोकाको बाहिर *चोएधोकापिने*, र *मचाःधोका*को बाहिर *मचाधोकापिने* नाम दिइएका छन्।

*नासः* (१५८) *बाकुननि*टोलको पश्चिम, *न्याथढोका*को पूर्व, *तगोतुँ*को दक्षिण, र *नासःगः*को उत्तरमा रहेको पूर्वपश्चिम लामो क्षेत्रमा नित्यनाथको मन्दिर रहेको टोललाई *नासः* भनिन्छ। *न्याथ* (१५९) *गःसि*फाँट वा जरूबाट आउँदा उकालो चढ्नुपर्ने ढोका भएकोले यसलाई *न्याथ* भनिएको अनुमान छ। श्रीमहालक्ष्मी-महाभैरवको रथायात्रा समाप्तिपछि मूर्तिहरू पखाली पुनः गणमा स्थापना गर्नुपर्छ। त्यसका लागि विशेष प्रकारको कालोमाटो चाहिन्छ, जसलाई *गढचा> गडचा> गर्चा* (किल्ला बनाउने माटो) भनिन्छ। सो माटो वैशाखशुक्ल त्रयोदशीका दिन *न्याथ*ढोकाबाट प्रवेश गराउने विधान छ। यो फाँट शिवजीको फाँट भनेर पनि विश्वास गरिन्छ, र यो मूलतः पानी प्रशस्त हुने क्षेत्रको रूपमा लिइन्छ। शिवजीको रौद्ररूप भैरव मानिएको छ। सो ठाउँको

माटो श्रीमहालक्ष्मी-महाभैरवको मूर्ति सालिन्दा पुनःस्थापना गर्न प्रयोग गरिन्छ । श्रीमहालक्ष्मीलाई जगज्जननी र श्रीमहाभैरवलाई पिताको रूपमा पुजिन्छ ।

*पाहुल* (१६०) टोल उत्तर-दक्षिण भएर रहेको छ । यहाँदेखि पूर्वमा उकालो शुरू हुन्छ । उकालो चढ्नेवित्तिकै पोखरी रहेको छ । सो पोखरी पुरेर हाल बसपार्क बनाइएको छ । यो टोलदेखि पश्चिममा *चोएधःसि*, *तःखाछें*, *पीगंटोल* शुरू हुन्छ । *सतः* (१६१) गोभ्राटेश्वरमहादेव मन्दिरको परिसरलाई *सतः* वा *सत्तल* भनिन्छ । यहाँभित्र आकाश भैरव, गणेश, सरस्वती, गोभ्राटेश्वर महादेव रहेकाछन् । विस १९५८सालमा खुलेको *भाषा पाठशाला* पनि यहीँ रहेको छ । यो ठाउँ महालक्ष्मी माविको परिसरभत्र परेको छ ।

***तं- उकाली । हिल-मोड***

लुँभुको बस्ती उचाईमा रहेकोले यहाँ पुग्न उकाली चढ्नुपर्छ, जसलाई *तं, थ,* वा *पाः* भनिन्छ । मोडलाई *हिल* वा *हीं* भनिन्छ। *मचागाःतं* (१६१) *मचागाःबुँ*बाट पूर्वतर्फ आउँदा उकालो पर्छ । उकालोको दक्षिणपाटोमा कर्मकाण्ड नभएका शिशु मरेमा गाडिन्छ, जसलाई *मचागाः* भनिन्छ । यसमा रहेको उकालोलाई *मचागाःतँ* भनिन्छ । *वखुतं* (१६२), *वखुहिल* (१६२) गोदावरीखोला नाघेपछि दोबाटो आउँछ, एउटा दक्षिण-पूर्वमा लाग्ने बाटो, अर्को उत्तर लाग्ने उकालोबाटोलाई *वखुतं* भनिन्छ । यही बाटोको पूर्वीमोडलाई *वखुहिल* भनिन्छ । नेसं ८८७ को अभिलेखमा *वलुषुसि* लेखिएको छ (श्रेष्ठ ओ. ज., वि.सं. २०६९, पाहरू. १२४-१२५) । ।

***सारांश***

यस अध्ययनमा कुल १६२ स्थानको अध्ययनार्थ तिनीहरूलाई २२ वटा विभिन्न उपशीर्षकहरूमा विभक्त छन् । ती स्थानको नाममा प्रयोग भएको भाषा मध्यकालपछिको नेपालभाषा हो । मध्यकालमा धेरै ठाउँमा संस्कृतकृत छन् । यसले लुँभुको बस्तीको भाषावैज्ञानिक इतिहास हेर्ने प्रयत्न गर्दा मध्यकालसम्म मात्र पुग्न सकिन्छ । लिच्छविकालका दुइटा अभिलेख (सं ४१७, नेसं ६६९) मा लुँभुको नामसम्म उल्लेख भएको छ, जुन नाम समकालीन नेपालभाषाबाट धेरै टाढा पुग्न सकिन्न । यसरी भाषावैज्ञानिक रूपमा हेर्दा लुँभुको बस्ती लिच्छविकालको अन्तबाट शुरू भएको देखिन्छ ।

कुलदेवताको रूपमा रहेको *दिग्द्यः* नेसं ७८६ मा मात्र बनेको र सो देवतालाई लुँभुका अधिकबासिन्दाले मान्ने हुँदापनि लुँभुको बस्तीलाई मध्यकालदेखि माथिको भन्न अलि सकसै देखिन्छ । लोकसाहित्य अथवा ईथ्नोग्रफिक अध्ययन गर्दा केही माथि जानसक्ने आधार हुन सक्छ ।

लुँभु क्षेत्र श्रीमहालक्ष्मी-महाभैरवद्वारा रक्षित र यस क्षेत्रका ग्रामदेवता पनि श्रीमहालक्ष्मी-महाभैरव तथा गोभ्राटेश्वर हुन् । यस देवताको ग्रामक्षेत्र *लुँभु बजार, नर्कट, चांगाथली, टीकाथली, बालकोट, सिरुटार, चसिडोल, ससम्बु, डाँडाथोक, पन्डोल, आरूबोट, संखादेवी विष्णुडोल र गोदावरी खोला*को पूर्वी भेक रहेका छन् ।

एकथरि मानिसहरू लुँभुलाई केन्द्रमा शिवले र परिधिमा नवदुर्गाले रक्षा गरेको विश्वास गर्छन् । लुँभु क्षेत्र महालक्ष्मी महाभैरवद्वारा रक्षित भएको र यस क्षेत्रका ग्रामदेवता पनि श्रीमहालक्ष्मी-महाभैरव तथा गोभ्राटेश्वर हुन् । यस देवताको ग्रामक्षेत्र *लुँभु बजार, नर्कट, चांगाथली, टीकाथली, बालकोट, सिरुटार, चसिडोल, ससम्बु, डाँडाथोक, पन्डोल, आरूबोट, संखादेवी विष्णुडोल र गोदावरी खोला*को पूर्वी भेक रहेका छन् । यी स्थानलाई लुँभु क्षेत्रको रूपमा अद्यापि सांस्कृतिक रूपले व्यवहरित छ ।

पीठगण लुँभु क्षेत्रमा (१) वखु, (२) पिलांखेल, (३) पीगन (४) देवीथान, (५) ज्याथ(र)पाखा, (६) शंखदेवी, (७) किलाको, गाःकेव, (८) नासल, (९) महालक्ष्मी मन्दिर गरी नौ स्थानमा छन् । यी सबै पीठगण नवदुर्गाको रूपमा पुजिन्छन् । लुँभुक्षेत्रलाई यी नवदुर्गाले रक्षा गरेको विश्वास स्थानीयहरू गर्छन् ।

**कृतज्ञता**

यो लेख तयार पार्ने क्रममा क्षेत्रकार्य गर्दा सम्पूर्ण स्थानको सूची उपलब्ध गराउनुका साथै सम्बद्ध स्थानसित मलाई परिचय दिलाउनु भएकोमा म मेरा आदरणीय दाजु श्री रामेश्वर श्रेष्ठप्रति कृतज्ञ हुदै नमन गर्दछु। यसका लागि उहाँलाई धन्यवाद पनि टक्र्याउन चाहन्छु। लेखलाई आद्योपान्त पढेर आवश्यक स्थानमा मेरा गल्ती कमजोरी औलाउनु भै मलाई निर्देश समेत गर्नु भएकोमा अज्ञात समीक्षक (Peer reviewer) प्रति पनि आभार प्रकट गर्दछु र उहाँलाई गुरू मानी नमन गर्दछु।

## सन्दर्भसूची

खनाल, मोहनप्रसाद .वाभुको तथा राजग्राम भौगोलिक निर्णय .(२०२६) *.प्राचीन नेपाल, संख्या १०*, ५९६३।-

चाम्लिङ, भोगीराज, राई, तारामणि .((सन् २०१७) २०७४ .सं.वि) *.किरात स्थाननाम प्रागऐतिहासिक एवम् भाषिक अध्ययन*. आदिवासी .जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान।

बज्राचार्य, धनबज्र .(विसं २०६८) *.पूर्वमध्कालका अभिलेख।*. .नेपाल र एशियाली अनुसन्धान केन्द्र।

बज्राचार्य, धनबज्र, मल्ल, कमलप्रकाश .(१९८५) *.दि गोपालराज वंशावली*. वाइसबादेन.फ्राञ्च स्टेइनर रलाग जीएमबीएच :

मनपा .(२०७४) *.डायरी*. ललितपुरमहालक्ष्मी नगरपालिका :, नगर कार्यपालिकाको कार्यालय .

मिश्र, बाबाग्राही s .द स्मलपक्स गडेस अव इन्डिया :"सितला" .(१९६९) *.एशियन फोकलोर स्टडीज,भोल २८, नं २*, १४२एकसेस्ड . /अन १५०५२००८/, ५.२२:

रेग्मी, डिल्लिरमण. .(१९६६) *मेडियभल हिस्टोरी अव नेपाल, भाग ३*. मुखोपाध्य. एल.के

रेग्मी, सुधन, पौडेल, नगेन्द्रराज .(२०६७ .सं.वि) *.लुँभु गाविसको वस्तुस्थिति अध्ययन .( गाविस पार्श्वचित्र )* २०६७ - ललितपुर :गाउँ विकास समितिको कार्यालय, लुँभु.

लुँभुगाविस .(विसं २०६५) *.लुँभु गाउँ विकास समितिको वस्तुगत विवरण तथा अवस्था विश्लेषण*. ललितपुरगाउँ विकास समितिको : कार्यालय, लुँभु .

श्रेष्ठ, ओमकारेश्वर, जोशी, राजनलाल .(२०६९ .सं.वि) *.लुँभुया अभिलेख मुना*. ललितपुरनेवा संस्कृति संरक्षण समिति :, गाउँविकास समिति लुँभु .